# जिल्ला विकास समिति, चितवनको आ.व. २०७२/०७३ को

# सामाजिक परीक्षण प्रतिवेदन

## १.पृष्ठभूमि

सामाजिक परीक्षण प्रजातान्त्रिक स्थानीय सरकारले सम्बन्धित सरोकारवाहरु सवैको सम्मति र समभ्फदारीमा यथाशक्य सम्पन्न गर्नुपर्छ भन्ने सिद्धान्तमा आधारित छ । सामाजिक परीक्षण संगठनको नैतिक कार्य सम्पादन मापन गर्ने, बुझ्ने, प्रतिवेदन गर्ने पद्धतिका साथै अन्तत ती कुराहरु सुधार गर्ने पद्दति पनि हो । सामाजिक परीक्षणले दूर दृष्टि ( Vision/goal) लक्ष्य र बास्तविकता बीचको, कुशलता र प्रभावकारिता (Efficiency and effectiveness) वीचको खाडल साँघुरो पार्न मद्दत गर्दछ । सामाजिक परीक्षण सामाजिक कार्यसम्पादनमा सुधारगर्न संगठनलाई बुझ्ने, मापन गर्ने, प्रतिवेदनको जाँच गर्ने प्रबिधि (Techinque) पनि हो । सामाजिक परीक्षण घटना होइन, एउटा प्रकृया हो ।

साधारण अर्थमा ‘सामाजिक परीक्षण कुनै पनि सेवा प्रदायक संस्थाको सामाजिक कार्य सम्पादनको परीक्षण गर्ने कार्य हो । यसबाट सरोकारवालाहरुले ती संस्थाबाट सामाजिक कार्य सम्पादनमा भविष्यमा गर्न सक्ने सुधारको आशा समेत राख्दछन् । किनकि सामाजिक परीक्षण संगठनको नैतिक कार्य सम्पादन मापन गर्ने, बुझ्ने, प्रतिवेदन गर्ने पद्धतिका साथै अन्तत ती कुराहरु सुधार गर्ने पद्दति पनि हो । सामाजिक परीक्षणमा स्थानीय निकायहरूले एक आर्थिक वर्षमा सम्पादन गर्नु पर्ने समग्र सामाजिक जिम्मेवारी  पूरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्य गरिन्छ । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा सामाजिक परीक्षणलाई “सामाजिक जिम्मेवारीको लेखाजोखा” भनेर परिभाषित गरिएको छ । सार्वजनिक सरोकारको क्षेत्रमा कार्य गर्ने जिम्मेवारी पाएका सार्वजनिक निकायहरु जनउत्तरदायी हुनु पर्ने र यस प्रकारको उत्तरदायित्व निर्बाहकालागि सेवाप्रदायक सार्वजनिक जिम्मेवारी लिएका, सार्वजनिक स्रोत र साधन उपयोग गर्ने,राज्यको अधिकार प्रयोग गर्न अख्तियारी पाएका सेवाप्रदायकहरु सेवाग्राही प्रति जवाफदेही हुनु पर्दछ । सो जवाफदेहिता निर्बाहगर्ने औजारका रुपमा सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई एवं सार्वजनिक खर्च प्रबाहिकरण सर्भे जस्ता बिषयहरुलाई अंङ्गिकार गर्न थालिएको छ । जसलाई जनउत्तरदायित्व निर्बाहको रुपमा पनि लिने गरिन्छ ।

समाजिक उत्तरदायित्व बहन गर्नु पर्ने सार्वजनिक निकायले सामाजिक जिम्मेवारी कसरी निर्बाह गरेको छ भन्ने कुरा सर्बसाधारणलाई जानकारी गराउनु पर्ने व्यवस्थाका कारण सार्वजनिक परीक्षण गर्नु पर्ने गरी स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ मा सो प्राबधान राखिएको हो । सोही प्राबधान अनुसार स्थानीय निकायहरू (जिल्ला विकास समिति, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गा.वि.स.हरू) ले वर्षमा एक पटक आर्थिक वर्ष समाप्त भएको प्रथम चौमासिक भित्र सामाजिक परीक्षण गराई सक्नुपर्ने गरी कार्यबिधि निर्धारित गरिएको छ । सामाजिक परीक्षणका लागि स्थानीय निकाय सामाजिक परीक्षण

कार्यविधि, २०६७ को व्यवस्था गरिएको छ । सामाजिक परीक्षकले सम्बन्धित निकायले पुरा गर्नु पर्ने सामाजिक जिम्मेवारी के के हुन् ? ती सामाजिक जिम्मेवारी पूरा गरे नगरेको सम्बन्धमा अनुसन्धानात्मक ढंगबाट अध्ययन तथा विश्लेषण गरी सरोकारवालाहरु सहितको समावेशी उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गर्नु पर्ने व्यवस्था छ । अन्तिम प्रतिवेदन तयार पार्दा प्रारम्भिक प्रस्तुतिमा उठेका सवाल र जवाफलाई समेटेर प्रतिवेदन तयार गर्नु पर्दछ ।

सामाजिक परीक्षण प्रतिवेदनलाई स्थानीय निकायले आफनो योजना तर्जुमाको विभिन्न चरणमा, सामाजिक तथा जनसंख्या समितिमा र जिल्ला परिषद्मा समेत पेश गर्नु पर्ने प्रावधान रहेको छ । यसरी स्थानीय निकायबाट के कस्ता कामहरु भए र ती कामहरुबाट के कति सामाजिक उपलब्धि हासिल भए ? वा भएनन्, तीनको प्रभाव के पऱ्यो ? भन्ने बिषय समाजिक परीक्षणको विश्लेषणबाट आंकलन गर्ने गरिन्छ । तसर्थ सामाजिक जिम्मेवारीको लेखाजोखा गर्नको लागि सामाजिक परीक्षण विधि प्रभावकारी भएको देखिन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुसरण, सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनबाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्न स्थानीय निकायलाई टेवा पुग्ने गर्दछ । स्थानीय निकायहरुलाई भविष्यको रणनीति तथा योजना तयार गरी कार्यान्वयन गर्ने कार्यका लागि यसका निष्कर्षहरूले सघाउँछन् । सामाजिक परीक्षण कार्यविधि, २०६७ बमोजिम जिल्ला विकास समिति चितवनको आ.व.०७२।०७३ को सामाजिक परीक्षण गरी यो प्रतिवेदन तयार गरिएको छ ।

**२.उद्देश्य :**

बिशेषत सामाजिक परीक्षणको प्रमुख सिद्धान्त ग्रामीण गरीब सेवाग्राहीका चाहना र प्राथमिकतालाई ध्यानमा राखेर बिभिन्न नीतिगत निर्णयको विश्लेषण र जाँचबुझ गर्ने, अपेक्षित सामाजिक उद्देश्य अनुरुप कार्यसम्पादनमा निरन्तर सुधार गर्नुका साथै सेवाग्राहीहरुको सार्वजनिक सेवामा समयमै पहुँच नपुगेकोमा अवसरमूल्यको आँकलन ( Estimation of opportunity Cost) गर्नु पनि हो । स्थानीय विकासका लागि आबश्यकता र उपलव्ध साधन तथा भौतिक रं वित्तीय साधन बीचको अन्तरको समीक्षा गर्ने, सेवाग्राहीहरु र स्थानीय सामाजिक सेवा प्रदायकहरुमा उत्पादनशील सेवाको बिषयमा चेतना जगाउने, स्थानीय विकास कार्यक्रमहरुमा कार्यकुशलता तथा प्रभावकारिता अभिबृद्धि गर्नु पनि सामाजिक परीक्षणको उद्देश्य हो ।

यस सामाजिक परीक्षणको प्रमुख्य उद्देश्य जिल्ला विकास समिति चितवनले आर्थिक वर्ष २०७२।०७३ मा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखा गर्नु हो भने विशिष्ट उद्देश्यहरु यसप्रकार छन् ।

- जिल्ला विकास समिति, चितवनबाट आर्थिक वर्ष २०७२/०७३ मा सार्वजनिक अधिकार, सार्वजनिक साधन र स्रोतको उपयोग गरी यस जिल्लामा सामाजिक उत्तरदायित्व पूरा गर्नका लागि सञ्चालित योजनातथा कार्यक्रमबाट प्राप्त भएको सामाजिक उपलब्धिको लेखाजोखा गर्ने

- सामाजिक जिम्मेवारी पुरा गर्ने क्रममा भोगेका समस्या, चुनौति तथा कमी कमजोरीहरुको विश्लेषण गर्ने
- सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमताको विश्लेषण गर्ने
- सुधारको लागि आगामी दिनमा चाल्नुपर्ने कदमहरुको पहिचान गर्ने

## ३. सामाजिक परीक्षण अध्ययन बिधि :

सामाजिक परीक्षणको कार्यलाई अनुसन्धानात्मक ढंगबाट अगाडि बढाउने क्रममा देहाय बमोजिमका विधिहरूको प्रयोग गरिएको थियो ।

### ३.१ सन्दर्भ सामग्री समीक्षा र अध्ययन

- स्थानीय निकाय सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू
- गत आर्थिक वर्षको सामाजिक परीक्षणको प्रतिवेदन
- स्थानीय निकायको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य
- आवधिक तथा वार्षिक योजना (विषयगत कार्यालयहरूको समेत)
- सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना
- नागरिक बडापत्र
- वार्षिक तथा चौमासिक प्रतिवेदनहरू
- विगतको न्यूसकासको नतिजा,
- जिविसका अन्य प्रकाशनहरू

### ३.२ अन्तर्बार्ता तथा छलफल

यस कामका सन्दर्भमा जिविसका कार्यरत पदाधिकारीहरू, शाखा प्रमुख, आयोजना प्रमुख, विषयगत कार्यालय प्रमुखसँग अर्धसंरचित (Semi-structured) अन्तर्वार्ता तथा छलफल गरिएको थियो । प्रमुख समस्या, चुनौती तिनीहरूको सम्पादनको अवस्था र भावी कार्यदिशाका बारेमा गहन अध्ययन गरी बुँदागत रूपमा प्रतिवेदन तयार गरिएको छ ।

## ४. अध्ययनका सीमा

जिविसको सामाजिक परीक्षण भएकाले जिल्लामा कृयाशील भई जिल्ला विकासमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा योगदान दिने विषयगत कार्यालय तथा केही गैह्रसरकारी संस्थाहरूबाट भएका प्रयास तथा उपलब्धिलाई समेत यस अध्ययनमा समावेश गर्ने प्रयास भएको छ । छोटो समयावधि र सीमित स्रोतको परिधिभित्र रहेर कार्य सम्पन्न गर्नुपर्ने भएकाले यस किसिमका सम्पूर्ण संस्थाहरुलाई समावेश गर्न सकिएको छैन । साथै, अधिकांश

सूचनाहरू द्वितीय श्रोतबाट संकलन भएका र केही प्राथमिक श्रोतबाट प्राप्त सूचनाहरू सूचनादाताको मौलिक विचारबाट पनि प्रभावित भएका हुन सक्दछन् ।

## ५.बृहत् छलफल (प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल) कार्यक्रमको विवरण

### ५.१ प्रारम्भिक प्रतिवेदन प्रस्तुतिको तयारी

सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुतिको कार्यक्रममा उपस्थित भई अन्तरक्रियामा सहभागी हुन जिल्लाका प्रमुख सरोकारवालाहरू तथा वास्तविक उपभोक्ताका प्रतिनिधिहरू (वर्तमान पदाधिकारीहरू, नागरीक समाज, राजनैतिक दलहरू, प्रमुख करदाताहरू, पूर्व जनप्रतिनिधिहरू, पीछडिएका वर्ग, वालबावालिका, महिला प्रतिनिधि, स्थानीय गैसस, टोल विकास संस्था, वडा नागरीक मन्च तथा सामुदायिक संस्थाहरू, बुद्धिजीवीहरू आदि) लाई पत्राचार गरी आमन्त्रण गरिएको थियो । यसैगरी स्थानीय दैनिक पत्रिका सन्चारपत्र  मा मिति २०७३ साल कात्तिक १९ गते सार्वजनिक सूचना प्रकाशन गरी सरोकारवालाहरू  लगायत सम्पूर्ण सर्वसाधारण नागरीकलाई समेत सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुतिको कार्यक्रममा उपस्थित हुन आमन्त्रण  गरिएको थियो (अनुसूची २) ।

### ५.२ प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल

क) मिति : २०७३ कात्तिक २६ गते

ख) स्थान : जिविस चितवनको सभाहल

ग) समय : ११:०० देखि २.३० बजेसम्म

**कार्यक्रम सञ्चालन विधि**

सन्दर्भ सामग्रीको अध्ययन, अन्तरवार्ता, छलफल बाट प्राप्त सूचना तथा नतिजाको आधारमा विषय सामाजिक परीक्षकद्वारा तयार गरिएको सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन सार्वजनिक वहश कार्यक्रमको आयोजना गरी प्रस्तुत गरिएको थियो । सो कार्यक्रम सञ्चालन गर्दा स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७ ले निर्देशित गरे बमोजिमका विधिहरूको अनुसरण गरिएको थियो । यसप्रकार कार्यक्रममा तपसिल बमोजिका कृयाकलापहरू  समाविष्ट गराइएका थिए ।

- सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुति कार्यक्रममा सहभागीहरूको उपस्थिति पुस्तिका (सहभागीहरूको नाम, पद, ठेगाना तथा प्रतिनिधित्व गरेको संस्था समेत उल्लेख गरी) राखिएको थियो ।
- कार्यक्रमको प्रारम्भमा सहभागीहरूलाई कार्यक्रमको उद्देश्य, सञ्चालन विधि, समय र आचारसंहिताबारे जानकारी प्रदान गरिएको थियो ।
- सामाजिक परीक्षकबाट अनुसूची-२ र अनुसूची-३ बमोजिमको ढाँचामा तयार गरिएको विवरण प्रस्तुत गरिएको थियो ।
- प्रतिवेदन कार्यक्रममा विवरण प्रस्तुत भएपछि सामाजिक परीक्षण समन्वय समितिको तर्फबाट कार्यक्रमका सहभागीहरू समक्ष निम्न प्रकारका प्रश्नहरू क्रमश : राखी खुला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिक्रिया तथा सुझाव आह्वान गरिएको थियो :-
- स्थानीय निकायले गरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधारले पारेको प्रभाव (सूचकको आधारमा),

- o स्थानीय निकायले गरेका विकास योजनाहरूमा जनसहभागिताको स्थिति,
- o स्थानीय निकायले समयमा सेवा सुविधा दिन नसकेको अवस्थामा जनताले भोग्नु परेका समस्याहरू,
- o स्थानीय निकायको तर्फबाट पेश गरेको विवरण प्रतिको विश्वसनीयता ,
- o वालवालिका, महिला, दलित, जनजाति, गरिब, जेष्ठ नागरीक, तथा पीछडिएका वर्गलाई मूलधारमा ल्याउन गरेका प्रयासहरूको प्रभावकारिता,
- o स्थानीय निकायले दिएको सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगाएको समय र कार्य सम्पादनको स्तर
- o सामाजिक उत्तरदायित्व पूरा गर्न स्थानीय निकायको वर्तमान कार्य तथा कार्यशैलीमा सुधार ल्याउन प्राप्त सुझावहरू,
- o सहभागीहरूले कार्यक्रममा राखेका विचार, सुझाव तथा प्रतिक्रियाहरूलाई सामाजिक परीक्षण समन्वय समितिका पदाधिकारीहरू तथा सामाजिक परीक्षकले टिपोट गरिएको थियो । सहभागीले राखेका जिज्ञासा तथा विचारमा जि.वि.स.विषयगत कार्यालय, गैसस तथा सामाजिक परीक्षकहरूले स्पष्ट पार्नु भएको थियो ।
- o सामाजिक परीक्षण कार्यक्रममा उठेका विषयवस्तुहरूको आधारमा सामाजिक परीक्षकले सारसंक्षेप तयार गरी प्रतिवेदनमा समावेश गरिएकोछ ।

**कार्यक्रमको विस्तृत विवरण**

२०७३ साल कात्तिक २६ गते चितवन जिविसको आ.व. २०७२/०७३ को सामाजिक परीक्षणको प्रारम्भिक प्रतिवेदन प्रस्तुतिकरणको कार्यक्रम बिहान ११:०० बजे शुरुवात भएको थियो । स्थानीय विकास अधिकारी श्री श्रबण कुमार पोखेरल को अध्यक्षतामा सञ्चालन भएको सो कार्यक्रमको सञ्चालन चितवन जिविसका सुकदेव ढकाल ले गर्नुभएको थियो । कार्यक्रम सञ्चालक सुकदेव ढकाल ले जिविसका प्रमुख सरोकारवालाहरू तथा वास्तविक उपभोक्ताका प्रतिनिधिहरू (वर्तमान पदाधिकारीहरू, नागरीक समाज, राजनैतिक दलहरू, प्रमुख करदाताहरू, पूर्व जनप्रतिनिधिहरू, पीछडिएका वर्ग, वालबावालिका, महिला प्रतिनिधि, स्थानीय गैसस, टोल विकास संस्था, वडा नागरीक मन्च तथा सामुदायिक संस्थाहरू, बुद्धिजीवीहरू लगायत उपस्थित सम्पूर्ण महानुभावहरू लाई आसन ग्रहण गराउनुभएको थियो । सामाजिक बिकाश अधिकृत रामहरी न्यौपानेले कार्यक्रमको उपादयेताका बारेमा प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभएको थियो । तत्पश्चात् परामर्शदाता संस्था मिडीया कन्सल्टेन्सि नेपाल को तर्फबाट प्रारम्भिक प्रतिवेदन प्रस्तुतिकरणको कार्यक्रम शुरु भयो ।

पहिलो प्रस्तुतिमा सामाजिक परीक्षणको ऐतिहासिक पृष्ठभूमि, उद्देश्य, प्रक्रिया, जनउत्तरदायित्व निर्बाहमा सामाजिक परीक्षणले खेल्ने भूमिका तथा उपादेयताका बारेमा प्रष्ट्याउँदै प्रस्तुतीकरण कार्यक्रमलाई बढीभन्दा बढी अन्तरकृयात्मक बनाउन सहभागी सम्पूर्णलाई अनुरोध गरिएको थियो । साथै, सो कार्यक्रमको अनुमानित समय तथा सहभागीहरूले पालना गर्नुपर्ने आचारसंहिताका बारेमा समेत जानकारी गराएको थियो ।

दोस्रो प्रस्तुतिमा सामाजिक परीक्षण कार्यविधि, २०६७ को अनुसुची २ र ३ अनुसार तयार गरिएको प्रारम्भिक प्रतिवेदनलाई प्रस्तुत गरिएको थियो । प्रस्तुतिकरणको क्रममा चितवन जिल्लामा आ.व. २०७२/०७३ मा

सञ्चालन भएका कार्यक्रमबाट भएका सामाजिक उपलब्धिहरुको विश्लेषणात्मक टिप्पणी गरिएको थियो । तेस्रो प्रस्तुतिमा चितवन जिल्लामा आ.व. २०७२/०७३ मा कार्यक्रम सञ्चालन गर्दा भोगेका कठीनाई, सामाजिक परीक्षणबाट देखिएका सवल तथा दूर्बल पक्षहरुको समेत चर्चा गर्दै आगामी दिनमा चितवन जिविसले सुधारको लागि चाल्नुपर्ने कदम तथा सुझावहरू समेत प्रस्तुत गरिएको थियो । समग्रमा प्रस्तुतिकरणमा समावेश भएका विषयवस्तुहरू यसप्रकार थिए ।

- कार्यक्षेत्रको परिचय
- चितवन जिविसको प्राथमिकता तथा लक्ष्यहरू
- गतवर्षको मुख्य मुख्य उपलब्धिहरू
- यसवर्षको मुख्य मुख्य उपलब्धिहरू
- सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन गरिएका मुख्य मुख्य नीतिगत तथा प्रकृयागत सुधारहरू
- सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता
- आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू
- आगामी दिनमा सुधारको लागि चाल्नुपर्ने कदम तथा सुझावहरू

परामर्शदाता टोलीको प्रस्तुति सकिएपछि परामर्शदाता संस्था मिडीया कन्सल्टेन्सि नेपालका दीपक आचार्य ले सहभागीहरूलाई सो प्रस्तुतिकरणको सम्बन्धमा आफ्ना विचार, सुझाव तथा प्रतिक्रिया राख्न अनुरोध गर्नुभयो । जिज्ञासु सहभागीहरूले आफ्ना आफ्ना विचार राखिसकेपछि अन्त्यमा स्थानीय विकास अधिकारी श्री श्रबण कुमार पोखेरल ले सामाजिक परीक्षणले औंल्याएका कमी कमजोरीहरू लाई भविष्यमा नदोहोरिने गरी सुधार गर्ने र यसबाट प्राप्त हुने सल्लाह सुझाव लाई आगामी दिनमा पूर्ण रुपमा पालना गर्ने प्रतिवद्धता व्यक्त गर्दै कार्यक्रमको समापन गर्नुभयो ।
सहभागीहरूले राखेका विचार, प्रतिक्रिया तथा सुझावको सारसंक्षेप अनुसुची १ मा प्रस्तुत गरिएको छ ।

**६. स्थानीय निकाय र विषयगत कार्यालय/गैह्र सरकारी संस्थाहरूको विवरण**

कार्यविधिको **अनुसूची २ र ३** बमोजिमको विवरण संलग्न गरिएको छ ।

**७. सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरू**

- सार्वजकि सुनुवाई ३ पटक गरेको
- सामाजिक परीक्षण गरिएको,
- नेपालकै पहिलो वातावरण मैत्री जि.वि.स. कार्यालय घोषणा

- उपभोक्ता समूह मार्फत सवै योजनाको सार्वजनिक परीक्षण भएको,
- सडक संजाल नजोडिएको एकमात्र गाविस चण्डीभन्ज्याङ्गमा सडक संजाल जोड्न काम थालनी भएको,
- जिविस अन्तर्गतका घर घडेरीको संरक्षण, व्यवस्थापनका र उचित सदुपयोगार्थ बृहत्तर योजना तयार गरी सुबिधा सम्पन्न भवनहरु र सहिद मंच निर्माण गर्ने कार्यको थालनी भएको,
- पूर्वाधार विकासका कार्यहरुको गुणस्तरको निमित्त स्वीस प्राबिधिक प्रयोगशाला स्थापना गरी गुणस्तर अनिबार्य रुपमा परीक्षण गर्ने पद्धतिको थालनी गरिएको,
- सहभागितामूलक योजना अनुगमन तथा मूल्यांकन पद्धतिको सुरुवात गरिएको,
- पारदर्शी र आन्तरिक सुशासन कायम गर्नका निम्ति कार्यालयमा सिसिटिभि, डिजिटल होर्डिगबोर्ड,सार्वजनिक परीक्षण, योजनाहरुको प्रि तथा पोष्ट फोटोको अनिबार्यता, योजनाहरुको होर्डिगबोर्ड राख्ने पद्धति बसालिएको,
- महिला, बालबालिका, आदिवासी जनजाति, दलित, अपांगता लगायत लक्षितवर्गहरूका आवश्यकतालाई सम्बोधन गर्न रकम विनियोजन भएको ।
- सँगठन संरचना र प्रत्येक शाखा र इकाईको कार्य विवरण सहितको कर्मचारी दरबन्दी स्वीकृत गरिएको
- कार्यविवरण तयार गरी कर्मचारीहरूलाई उपलब्ध गराइएको
- स्थानीय बिकास अधिकारी को तर्फ बाट सबै शाखा प्रमुख र गा बि स सचिब हरु लाई कार्य सम्पादन करार गरेको
- जि बि स चितवन मोबाईल याप्स र हेल्लो जि बि स चितवन फेस बूक सन्चालन मा आएको
- आबश्यकतानुसार समय समयमा कर्मचारी बैठक वस्ने गरेको र बैठकका निर्णयहरु कार्यान्यवन, अनुगमन तथा मूल्याङ्कन समेत हुने गरेको,
- जिल्ला विकास समितिको कार्यलाई सहयोग पुर्‍याउन अनुगमन, जाँचपास तथा फरफारक, राजश्व परामर्श, पर्यटन विकास, सामाजिक परिचालन समितिहरू गठन भई क्रियाशील रहेका,
- बजेट तर्जुमा उपसमिति गठन भई तथा सरोकारवालाहरू लगायत प्रमुख सरोकार पक्ष, राजनीतिक दल, बिषयगत कार्यालयहरु समेत सँग छलफल तथा राय सुझाव समेत प्राप्त गरी वजेट तर्जुमा हुने गरेको,

- व्यक्तिगत घटना दर्ता तथा पञ्जीकरण सम्बन्धी इकाई स्थापना भई सेवा समय तोकी कार्य भइरहेको तथा नियमित रूपले निर्धारित ढाँचामा प्रतिवेदन भै रहेको,
- गुनासोको लागि गुनासो सुन्ने अधिकारी तोकी गुनासाहरू समाधान गर्ने गरिएको,
- सूचना अधिकारी तोकी सूचना प्रबाह गर्ने कार्य सम्पादन गर्ने गरेको,
- पारदर्शिताको लागि वार्षिक आय व्यय सार्वजनिक, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षणलाई नियमित गरिएको,
- गैससहरूको योजनालाई जिल्ला विकास वार्षिक योजनामा समावेश गर्ने गरिएको,

**८. सामाजिक परीक्षणबाट देखिएका चुनौती वा कमी/कमजोरीहरू**

- जिल्ला विकास समितिको आन्तरिक आम्दानी /राजस्वका स्रोतहरुबारे विज्ञबाट संभाव्यताको अध्ययन तथा प्रक्षेपण गराई प्रक्षेपण गर्ने नगरेको,
- सामाजिक जवाफदेहिता पूरा भए नभएको सुनिश्चितताका लागि सामाजिक परीक्षणको परिपाटीको विकास भएको सन्दर्भमा जिल्ला स्थित सरोकारवाला निकायहरु मध्ये केही सामाजिक जिम्मेवारीका बारेमा सबै सुस्पष्ट भै केहीमा सामाजिक उपलब्धि सूचक अनुसार देखिने गरी अभिलेखीकरण नभएको,
- एउटै बिषय क्षेत्रमा धेरै निकायहरुबाट कार्यक्रम सञ्चालन भएका देखिन्छन् । तर ती निकायहरुबाट सम्पादन भएका कार्यहरुको क्षेत्रगत/बिषयगत एकीकृत प्रगति तयार हुने नगरेको,

**९.सामाजिक जिम्मेवारी पूरागर्न आगामी दिनमा चाल्नुपर्ने कदम वा सुझावहरु**

- विषयगत तथा क्षेत्रगत गुरुयोजनाहरुको कार्यान्वयन तथा समय सापेक्ष अद्यावधिक गर्दै जानु पर्ने,
- बेरुजू फर्छ्यौटतर्फ बिशेष जोड दिनु पर्ने (खर्चमा नियमितता र फर्छ्यौटमा तदारुकता हुनु पर्ने ),
- सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणका निष्कर्षहरूलाई कार्यान्वयनमा ल्याउन तथा सार्वजनिक परीक्षणलाई सम्पूर्ण आयोजनासम्म लैजानु पर्ने,
- कार्य सम्पादन गर्दा न्यूसकास को सूचकलाई ध्यानमा राखी नेटवर्क वनाई कार्य गर्न बेश हुने । साथै, कर्मचारीको मासिक बैठकमा समेत न्यूसकास अनुसार कार्य भए नभएको समीक्षा गरी तदनुरुप कार्य गर्नु पर्ने,
- कर्मचारीको कार्य सम्पादन मूल्यांकन गर्दा न्यूसकासको सूचक, कार्य योजना अनुसारको कार्य सम्पादनलाई पनि आधार बनाउनु पर्ने,

- पहाडि क्षेत्रमा एकीकृत वस्ती विकास कार्यक्रम सञ्चालन गरिनु पर्ने,
- चुरे संरक्षित क्षेत्र भित्र विकास निर्माण सम्बन्धी कार्यहरुलाई सहज तुल्याउनु पर्ने,
- सामाजिक जवाफदेहिता सुनिश्चिततताका लागि सरोकारवाला निकायहरु आफ्नो सामाजिक जिम्मेवारीका बारेमा सुस्पष्ट हुनु पर्ने,
- एउटै बिषय क्षेत्रमा धेरै निकायहरुबाट सञ्चालन भएका कार्यक्रमको क्षेत्रगत/बिषयगत एकीकृत प्रगति र डाटा वेस तयार हुनु पर्ने,

## स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि- २०६७ को अनुसूची २ बमोजिमको जिविस चितवनको आर्थिक वर्ष २०७२।०७३ को समाजिक परीक्षण प्रतिवेदन

### १. चितवनको परिचय

चितवन जिल्ला नारायणी नदीको पूर्वि भागमा राप्ति उपत्यकाको नामले समेत परिचित जिल्ला हो । यो जिल्लाको उत्तरी विन्दु दारेचोक गा.वि.स.को कुरिनटार, दक्षिणविन्दु अयोध्यापुरी गा.वि.स. को वांदरझुला, पूर्वी विन्दु लोथर गा.वि.स.को चौरस डाँडा र पश्चिमी विन्दु, चितवन राष्ट्रिय निकुञ्जको नारायणी नदीको किनारी भागहरु पर्दछन् । यो जिल्ला लगभग समकोण त्रिभुजको आकारमा रहेको छ, जसको पूर्व तथा दक्षिण तर्फ फराकिलो र पश्चिम तथा उत्तरतर्फ साँगुरिएको देखिन्छ । पूर्व पश्चिम लम्वाई वढीमा ८८ कि.मि रहेको छ भने उत्तर दक्षिण चौडाई वढिमा ५० कि.मि र कम्तिमा २ कि.मि. रहेको छ ।

### जिल्लाको भौगोलिक अवस्थिति

विश्व मानचित्रमा यस जिल्लाको अवस्थिति उत्तरी अक्षांश २७$^{O}$ २१'४५" देखि २७$^{O}$ ५२' ३०" सम्म र पूर्वी देशान्तर ८३$^{O}$ ५४' ४५" देखि ८४$^{O}$ ४८' १५" सम्ममा पर्दछ । समुद्रि सतहवाट १४१ मिटर देखि १९४७ मिटरको उचाई सम्मको सतह भएको यो जिल्ला  मध्यमाञ्चल विकास क्षेत्रको नारायणी अञ्चलमा तराईको भावर प्रदेश देखि महाभारत पर्वत सम्म फैलिएको छ

### क्षेत्रफल (Area)

देशको कूल भूभागको १.५२५ क्षेत्रफल ओगट्ने यस जिल्लाको क्षेत्रफल स्थानीय श्रोत नक्साङ्कन परियोजना (Local Resource Mapping Project : LRMP) अनुसार २२०५.९० वर्ग कि.मी. छ भने सन् १९८६मा स्थलरुपी (Topographical) महाशाखा अनुसार २२०८ वर्ग किमी देखिन्छ ।तर जि.वि.स. द्वारा रेखाङ्कित नक्सा अनुसार यस जिल्लाको क्षेत्रफल २२३८.३९ वर्ग कि.मी. छ ।

### राजनीतिक एवम् प्रशासनिक विभाजन

यस जिल्लामा हाल उप महानगरपालिका १ वटा, नगरपालिका ५ वटा, गा.वि.स. १६ वटा रहको छन् । राजनीतिक रुपमा यस जिल्लालाई ५ निर्वाचन क्षेत्र र १३ वटा इलाकाहरुमा विभाजन गरिएको छ ।

### जिल्ला सीमाना

चितवन जिल्लाको पश्चिममा नवलपरासी र तनहुँ जिल्ला, उत्तरमा गोर्खा र धादिङ जिल्ला पूर्वमा मकवानपुर र पर्सा जिल्लाहरु पर्दछन् भने दक्षिणमा भारतको विहार प्रान्त पर्दछ । ठोरी नाकालाई कालोपत्रे सडकले जोडि ब्यबस्थीत गर्न सकिएमा चितवन जिल्ला प्रमुख व्यापारिक केन्द्र बन्न सक्ने प्रबल संभावना छ ।

## जनसांख्यिक स्थिति

राष्ट्रिय जनगणना २०६८ का अनुसार चितवन जिल्लाको घरधुरी संख्या १३२४६२ र कूल जनसंख्या ५७९९८४ छ । जसमध्ये महिला जनसंख्या ३००८९७ तथा पुरुष जनसंख्या २७९०९७ रहेको छ । सोही जनगणना अनुसार बार्षिक जनसंख्या वृद्धिदर २.०६ प्रतिशत रहेकोले सो हिसाबले यस जिल्लामा हालको जनसंख्या ६१६५७१ भएको अनुमान गर्न सकिन्छ । जनघनत्व भने २६१ व्यक्ति प्रति कि.मि.रहेको छ ।

राजमार्ग ८८.७० कि.मि.पर्ने चितवन जिल्लामा सामुदायिक विद्यालयहरु ३९१, संस्थागत विद्यालयहरु १६६ समेत गरी जम्मा ५५७ वटा विद्यालयहरु रहेका छन् । यस जिल्लामा स्नातकोत्तर तह सम्म पठनपाठन हुने क्याम्पस एवं कलेजहरु प्रशस्तै छन् । नेपालको पहिलो कृषि र वन विज्ञान विश्वविद्यालय पनि चितवन जिल्लामा नै छन् । जिल्लाको साक्षरता प्रतिशत ७९.९८ (औषत) रहेकोमा महिला ७०.६८ प्रतिशत र पुरुष ८३.८७ प्रतिशत रहेको देखिन्छ ।

यस जिल्लामा ब्राह्मण, क्षेत्री, नेवार, थारु, चेपाङ (प्रजा), कामी, मगर, गुरुङ, दमाई, बोटे, दराई आदि विभिन्न जनजातीहरुको बसोबास रहेको पाइन्छ । नेपालबाट सन् २००४मा प्रकाशित मावन विकास प्रतिवेदन अनुसार चितवन जिल्लाको मानव विकास सूचकांक ०.५८१ रहेको छ । उक्त प्रतिवेदन अनुसार चितवन जिल्ला मानव विकास सूचकांकहरुमा नेपाल राष्ट्रकै तुलनामा अग्रस्थानमा रहेको पाइन्छ ।

## भौगोलिक विभाजन

चितवन जिल्लालाई २ प्रकारको भौगोलिक क्षेत्रमा विभाजन गर्न सकिन्छ । सो अनुसार, यस जिल्लाको कूल भूभागको ३८.७५ प्रतिशत भू-भाग उपत्यका तथा मैदानी भागमा पर्दछ भने २०.६५ प्रतिशत भूभाग पहाडी क्षेत्रमा पर्दछ । भौगोलिक क्षेत्र क्षेत्रफल विवरण:

| क्र.सं. | क्षेत्र | क्षेत्रफल (वर्ग कि.मी.) | प्रतिशत |
|---|---|---|---|
| १ | मैदानी भाग | ८६७.३५ | ३८.७५ |
| २ | पहाडी भाग | ४६२.२५ | २०.६५ |
| ३ | राष्ट्रिय निकुञ्ज | ९०८.७९ | ४०.६० |
| | जम्मा | २,२३८.३९ | |

स्रोत : जिल्ला पार्श्वचित्र , जिल्ला विकास समिति, चितवन

**स्थल स्वरुप तथा भू-स्वरुप ( Topography & Physiography)**

**स्थल स्वरुप**

नेपालको धरातलीय स्वरुपको आकृति र उचाईमा विविधता रहे जस्तै चितवन जिल्लाको भू–स्वरुपमा पनि विविधता रहेको छ । समुद्री सतहवाट १२१ देखि १९४७ मीटर सम्मको उचाईमा रहेको यस जिल्लाको अधिकांश भू-भाग समथर मैदानी भए पनि केही भूभाग विकट पहाडि क्षेत्रमा पर्दछन् ।

नेपालको सरकार, भूमिसुधार तथा व्यवस्था मंत्रालय, स्थलरुप नापी महाशाखाद्वारा सन् १९८६ मा संचालित स्थानीय श्रोत नक्सांकन योजना अनुसार नेपाललाई कूल ६ भू-स्वरुपीय क्षेत्रमा विभक्त गरिएको छ । यी ५ क्षेत्रहरुमध्ये चितवनमा दुई क्षेत्रहरु पर्दछन्: सिवालिक क्षेत्र र मध्य पहाडि क्षेत्र

जिल्लाको कूल क्षेत्रफलको करिव ८० प्रतिशत भूभाग ढाक्ने शिवालिक क्षेत्रमा मुख्यतयाः दुई भूभागहरु पर्दछन्: चुरे पर्वत र उपत्यकाको मैदानी भाग।चुरे पर्वत भूभाग वढीमात्रामा चितवन जिल्लाको दक्षिणमा रहेको छ । यसको सामान्य उचाई २५० मीटरदेखि ८६६ मीटरसम्म रहेको छ । यसको पूर्व पश्चिम लम्वाई करिव ८० कि.मी. रहेको छ यसले कूल भूभागको २५ प्रतिशत भाग ओगटेको छ । यसको भिरालोपना उत्तर तर्फ केही मैदान र दक्षिणतर्फ केही भिरालो रहेको छ । यस क्षेत्रमा माटोको वनावट केही खुकुलो भएको हुनाले यो क्षेत्र मानवीय वसोवास तथा खेतिपातिको लागि अनुपयुक्त छ । यस क्षेत्रको अधिकांश भूभाग शाही चितवन राष्ट्रिय निकुञ्जले ढाकेको छ ।

मध्य पहाडी क्षेत्र पहाडी प्रदेश वा महाभारत क्षेत्रको नामले पनि चिनिन्छ । यो भू-भाग चितवन जिल्लाको उत्तरमा रहेको छ । सामान्यतया यसको उचाइ २५० मी. देखि १९४५ मी. सम्म रहेको छ । यसमा चुनायुक्त चट्टानी वस्तु तथा क्वार्ट्जाईट, निस आदि चट्टानहरु रहेका छन् । यो भूभाग पूर्व पश्चिम भई प्राय नागवेली आकारमा फैलिएको छ । यसले जिल्लाको कुल भूभागको २० प्रतिशत भाग ओगटेको छ । यसलाई स्वरुपको आधारमा सामान्यतया दुई भागमा वाँडिएको छः महाभारत पहाडी क्षेत्रको उत्तर तथा त्रिशूली नदीको किनारी क्षेत्रमा रहेको सामान्यतया २५० देखि ५०० मीटर सम्मको उचाइको नदीवेशी तथा टार, एवं ५०० देखि १९४५ मीटरको उचाइमा रहेको पहाडी भूभाग-महाभारत श्रेणी ।

**जिल्लाको भूस्वरुप**

नेपालको धरातलीय स्वरुपको आकृति र उचाईमा विविधता रहे जस्तै चितवन जिल्लाको भूस्वरुप तथा उचाईमा पनि विविधता रहेको छ । १४१ मीटर को उचाई देखि १९४३ मीटर सम्मको उचाईमा भावर, चुरे, मैदान, टार, नदीवेसी, महाभारत पहाड आदि भूस्वरुप रहेको छन । साधारणतया यहांको भूस्वरुपलाई त्यसको आकृति र स्वभाव तथा बनौट अनुसार निम्न भागमा बाडीएको छ ।

क) चुरे पर्वत

ख) उपत्याकाको मैदानी क्षेत्र वा दुन प्रदेश ।

ग) महाभारत पर्वत तथा पहाडी प्रदेश ।

**भू उपयोग**

| विवरण | क्षेत्रफल | प्रतिशत |
|---|---|---|
| आवादी | ३५५.०१ वर्ग कि.मी. | ४६.२५ |
| वन | ३२९.३० वर्ग कि.मी. | ४२.९ |
| घाँसे मैदान | ८.७ वर्ग कि.मी. | १.१३ |
| वुट्यान | ९.७४ वर्ग कि.मी. | १.२६ |
| अन्य (नदी, वालुवा) | ६४.७४ वर्ग कि.मी | ८.४३ |

स्रोतः पार्श्वचित्र जिल्ला कृषि कार्यालय

**नदी नाला**

चितवन जिल्ला पहाडी तथा मैदानी जिल्ला हुनाले यहां धेरै नदी र खहरे खोलाहरु छन् । यहां नदी तथा खहरे खोलाहरु ५०० भन्दा पनि बढी छन । तर यी नदीहरुको स्रोत अवस्था तथा उपयोगिता एकनासको छैन । यी नदीहरु मध्ये करिव ८८ प्रतिशत वर्षा याममा मात्र बग्ने नदीहरु हुन भने बाँकी १२ प्रतिशत मात्र हिउद तथा वर्षा बाह्रै महिना बगिरहन्छन् ।

**ताल तलैया**

चितवन जिल्लामा तालहरु नगण्य मात्रामा रहेका छन् । तथापि राष्ट्रिय निकुञ्ज भित्र तथा राप्ती नदीको नजिकको क्षेत्रमा ससाना तालहरु रहेका छन । यी तालहरु विशेषतः राप्ती नदीको आफ्नो प्रवाहमार्ग परिवर्तन हुँदा निर्माण भएका छन् । त्यस्तै केही तालहरु घोलहरुमा लाम्चिएर कम गहिराईमा रहेका छन । त्यस्तै केही तालहरु सुकेर लोप भएको देखिन्छ । यहाँका तालहरुमध्ये खगेरी नहरसंग जोडिएका घोलहरुमा निर्मित तालहरुको समूह मूख्य छ, जसलाई वीसहजार ताल भनिन्छ । यो ताल मनमोहक, आकर्षक र नौका विहारको लागि उपयुक्त छ ।

यस वाहेक, अन्य तालहरुमा मुण्डा ताल, देवी ताल, लामे ताल, तमोरघैला ताल, कसरा ताल, नन्दभाउजु ताल, अठ्ठाईसहजार ताल, विस हजार ताल, सत्रहजार ताल, मन्जुरा ताल, भिल्ले ताल, गडुवा ताल, अन्जना ताल, परशुराम कुण्ड, वैकुण्ठे कुण्ड आदि रहेका छन् ।  यी तालहरुलाई कुनै पनि प्रकारले उपयोगमा ल्याउन सकिएको छैन ।

**सूचना तथा संचार**

चितवन सञ्चार माध्यमहरुको विकास भएको जिल्लाको रुपमा चिनिन्छ । सञ्चारका सवै प्रकारका साधन तथा सुबिधाहरु यस जिल्लामा उपलब्ध छन् । उपलब्ध सञ्चार माध्यमहरुमा हुलाक, टेलिफोन, मोवाईल सेवा, पत्रपत्रिका, पेजर, छापाखाना, एफ्. एम्. सेवा, टी.भि.च्यानल, एक्सप्रेस डेलिभरी, इमेल, ईन्टरनेट आदि छन् । यस अन्तर्गत हुलाक सेवा, टेलिफोन/टेलेक्स, इमेल, ईन्टरनेट, राष्ट्रिय तथा स्थानीय पत्रपत्रिका, रेडियो, ,

एक्सप्रेस डेलिभरी, स्थानीय एफ्.एम्.रेडियो, रेडियो नेपालको केन्द्रीय प्रसारण रिले स्टेशन, चलचित्र भवनहरु आदि सेवा सुविधाहरु उपलव्ध छन् ।

**साक्षरता**

जिल्लाको विभिन्न दशकको साक्षरता दर निम्न अनुसार रहेको छ ।

| विवरण | २०२८ | २०३८ | २०४८ | २०५८ | २०६८ | २०७३ |
|---|---|---|---|---|---|---|
| कुल साक्षरता | २१.२ | ३३.६९ | ५३.१ | ५८.२५ | ७१.१ | ९५ प्र. |
| पुरुष साक्षरता | ३३.९ | ४६.२१ | ६५.७ | ६०.० | ७९.३ | ९९ |
| महिला साक्षरता | ७.४ | २०.२८ | ४०.९ | ५५.० | ६३.० | ९१ |

स्रोतः शाखा तथ्यांक कार्यालय, चितवन

**पर्यटकीय आकर्षण**

**क) प्राकृतिक स्थलहरू** : राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र वन, सिराही चुली, कंकाली वन, कुमरोज वन, बाघमारा वन, रत्ननगरको लौरी घोल, सतनचुली, बीसहजारी ताल, वैकुण्ठताल, नन्दभाउजु ताल, पर्शुराम कुण्ड, नारायणी नदी   आदि ।

**ख) ऐतिहासिक स्थलहरू** : उपरदाङगढी, सोमेश्वरगढी, कविलासगढी, परेवाकोट, कंकालीकोट आदि

**ग) धार्मिक स्थलहरू** : देवघाट, कालिकामन्दिर, विक्रमवावा मन्दिर, वागीश्वर मन्दिर, चित्रसारी मन्दिर, पञ्चपाण्डव, वाल्मीकि आश्रम आदि ।

**घ) साँस्कृतिक क्षेत्रहरू** : चेपाङ, थारु, वोटे, मुसहर, माझी, दराई, कुमाल आदिको रहन सहन भेषभूषा र जीवनशैली ।

## २. स्थानीय निकायको प्राथमिकता तथा लक्ष्यहरू

दीर्घकालिन सोच : *सुन्दर, समुन्नत र समतामुलक चितवनको स्थापना*

**विकासका निर्देशक सिद्धान्तहरू**

**१.सुशासन**

- विकास कार्यहरू सञ्चालन गर्दा भए गरेका निर्माणहरू प्रति सरकारी अधिकारी र जनप्रतिनिधिहरू पुर्णरुपमा जिम्मेवार तथा जवाफदेही हुनु पर्ने,
- विकास कार्यहरूको कार्यान्यन प्रकृया तथा लगानीमा पारदर्शिता अपनाउनु पर्ने,
- कार्यक्रमहरूको व्यवस्थापनमा सहभागितामुलक पद्दतीको अवलम्बन गर्ने,
- धनी-गरिब, महिला-पुरुष र जात-जातिका आधारमा भेदभाव नगरी विकास कार्यहरू सञ्चालन गर्ने,
- सबै जनताहरू विशेष गरी असक्त, अपाङ. बृद्ध, विपन्न र दलितहरूले मानवोचित जीवन यापन गर्नका लागि आधारभूत सेवा सुविधा पाउन भन्ने कुरामा जोड दिइने,

**२.साझेदारी तथा सहकार्य**

- स्थानीय निकाय, विषयगत कार्यालयहरू, गैरसरकारी संस्थाहरू र निजीक्षेत्र बीच साझेदारी र सहकार्यद्धारा विकास कार्यहरू सञ्चालन गरिने,

**३.सामाजिक परिचालन**

- सामाजिक परिचालनको माध्यमबाट समाजका प्रत्येक समुदायलाई विकासको मुलधारमा समेट्नु पर्ने,
- सन्तुलित विकासमा जोड दिइने,(भौगोलिक)
- जिल्ला भित्रका भौगोलिक रुपले विकट र दुर्गम क्षेत्रको समानुपातिक रुपले विकास गरिने,
- आर्थिक सामाजिक र पुर्वाधार क्षेत्रको सन्तुलित विकासमा जोड दिइने,

**४.दिगोपना**

- प्राकृतिक श्रोत सम्पदा र वातावरणमा नोक्सान नपुरयाइ विकास कार्य सञ्चालन गरिने,
- स्थानीय समुदायको सहभागितामा प्राकृतिक, जैविक विविधताको संरक्षण र सम्बर्द्धन गरी वातावरणीय सन्तुलन कायम गरिने,

**५.सस्थागत विकास**

- स्थानीय निकाय, समुदायिक सस्था, सहकारी सस्था, गै.स.स.साथै निजी क्षेत्रको सस्थागत क्षमता विकासमा जोड दिईने,

**कार्यनीतिहरू**

- योजना तर्जुमा कार्यन्वयन तथा अनुगमन गर्दा सहभागितात्मक पद्धतिको अवलम्बन गर्ने,
- स्थानीय निकायहरूले विकास कार्यमा समन्वयकर्ताको भुमिका निर्वाह गर्ने,
- सबै किसिमको क्षेत्रहरूमा लैङगिक सम्वेदनशीलताका पक्षहरूलाई अवलम्बन गर्ने,
- छाडी परेका जाति,जनजाति र वर्ग बीचको आर्थिक र सामाजिक असमानता घटाउन लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने,
- विकास कार्यका लागि रकम विनियोजन गर्दा भागवण्डाका आधारमा नभई प्राथमिकताका आधारमा गर्ने,
- भौतिक पूर्वाधार सम्बन्धी योजनाहरूको संभाव्यता अध्ययन गर्दा योजनाको आकार तथा संवेदनशीलतालाई हेरी वातावरणीय प्रभाव अध्ययन र मुल्याङकन गरी लागू गर्ने,
- सरकारी, निजी, सामुदायिक र गैरसरकारी सस्थाहरूको साझेदारी र सहकार्यहरू सञ्चालन गर्ने,
- आन्तरिक श्रोत र साधानहरूको अधिकतम उपयोग गर्ने,
- जिल्ला स्तरबाट संभव नहुने ठुलो योजनाहरूका लागि केन्द्रीयस्तर र दातृ सस्थाहरूको लगानी आकर्षित गर्न प्रयत्न गर्ने,
- जिल्लाका आर्थिक विकासका संभावित क्षेत्रहरूमा गरिबी निवारणमुखी कार्यक्रम सञ्चालन गर्न विशेष जोड दिने,
- जिल्लाको वन सम्पदालाई प्रभावकारी व्यवस्थापन गर्न सामुदायिक वन कार्यक्रमलाई प्राथमिकता दिई समूहले आर्जन गरेको कोष सामाजिक तथा विकासका काममा लगानी गर्न प्रोत्साहित गर्ने,
- स्थानीय निकाय, बिषयगत कार्यलयहरू, गैरसरकारी सस्थाहरूले आम्दानी र खर्चको पारदर्शिताको लागि सार्वजनिक लेखा परीक्षण पद्धति अवलम्बन गर्ने,
- गविस, सामुदायिक सस्था र गैरसरकारी सस्था मार्फत सामाजिक परिचालन गरी विकासका गतिविधिलाई अगाडि बढाउने,

**राष्ट्रिय लक्ष्य :** गरिवी निवारण

**जिल्ला विकासका लक्ष्य**

चितवन जिल्लावासीको जीवनस्तरमा उल्लेखनिय सुधार भएको हुनेछ

**जिल्ला विकासका उद्देश्यहरू :**

- जिल्लावासीको आर्थिक अवस्थामा सुधार गर्ने,
- जिल्लावासीको सामाजिक अवस्थामा सुधार गर्ने,
- प्राकृतिक,जैविक विविधता तथा सामाजिक वातावरणको अवस्थामा सुधार गर्ने,
- विषयगत उद्देश्यहरू,
- बालबालिका तथा महिलाको स्थितिमा सुधार ल्याउने,

- स्वास्थ सुविधामा सबैको पहुँच वृद्धि भई स्वास्थ स्थितिमा सुधारको साथै जनसंख्या वृद्धि दरमा कमी ल्याउने,
- शैक्षिक गुणस्तर सुधार गर्ने,
- वन तथा वातावरणको संरक्षण, संवर्द्धन र सदुपयोग भई जनताको जीवनस्तरमा सुधार गर्ने,
- पुर्वाधारको विकास तथा विस्तार गर्ने,।
- व्यवस्थितरुपमा उद्योग तथा व्यापारको विकास गर्ने,
- स्थानीय विकाससँग सम्बन्धित निकायहरूको संस्थागत विकास गर्ने,
- चेपाङ, दलित तथा पिछडिएको अन्य जनजातिहरूको साथै अपाङ्गहरूरुको अवस्थामा सुधार ल्याउन,।
- धार्मिक, सास्कृतिक तथा ऐतिहासक क्षेत्रको सम्बर्द्धन तथा संरक्षण गर्ने,
- पर्यटन क्षेत्रको विकास र विस्तार गर्ने,

**जिल्ला विकासका योजना प्राथमिकीकरणमा प्रयोग गरिने सूचकहरू**

- सर्वसाधारण जनतालाई तत्काल प्रत्यक्ष फाईदा हुने तथा रोजगार प्रवर्द्धन हुने र आयमूलक सेवा पुऱ्याउने,
- कृषि उत्पादन वृद्धि गर्न सघाउ पुग्ने खालका योजनाहरू,
- स्थानीय साधन, सीप र क्षमताको परिचालनबाट सञ्चालन हुन सक्ने,
- वातावरण संरक्षणमा सघाउ पुऱ्याउने,
- पिछडिएका तथा उत्पीडित जाति, जनजातिको उत्थान हुने,
- अशक्त, महिला र बालबालिकाको उत्थान हुने,
- बढी क्षेत्र र जनसंख्यालाई फाईदा हुने,
- कम लगानीमा बढी प्रतिफल प्राप्त हुने,
- बहु उपयोगी योजनाहरू,
- जनसहभागिताको अंश बढी भएको,
- स्थानीय स्तरबाटै मर्मत सम्भार र योजनाको निरन्तरताको व्यवस्था भएको,
- आर्थिक प्राविधिक स्रोतहरूको सम्भव भएको,
- संस्थागत विकास र सुशासनलाई टेवा पुऱ्याउने,
- परम्परागत सीप, संस्कृतिहरूलाई बढावा दिने,

## आर्थिक वर्ष २०७२/०७३ मा सञ्चालित योजनाहरुको वार्षिक प्रगति

| | | | |
|---|---|---|---|
| | कूल योजना संख्या | ७५६ | |
| | सम्झौता भएका योजना संख्या | ७३५ | |
| | सम्पन्न योजना संख्या | ६९७ | |
| | निर्माणाधिन योजना संख्या | ३८ | |
| | (सडकबोर्ड ३, पर्यटन ३, सडकपुल २, मर्मत १, राजस्व ७, पूर्वी चितवन २२) | | |
| | सम्झौता नभएका | २१ | |
| | | | |
| 1 | पूर्वाधार तर्फ | | |
| | योजना संख्या | ५४१ | |
| | सम्झौता संख्या | ५३३ | |
| | सम्पन्न संख्या | ४९५ | |
| | निर्माणाधिन | ३८ | |
| | सम्झौता नभएका | ८ | |
| | | | |
| 2 | प्रवर्द्धनात्मक | | |
| | योजना संख्या | २१५ | |
| | सम्झौता संख्या | २०२ | |
| | सम्पन्न संख्या | २२०२ | |
| | निर्माणाधिन | ० | |
| | सम्झौता नभएका | १३ | |
| | | | |
| 4 | अनुमानित लागत | ९४९२८१ | हजारमा |
| | स्वीकृत रकम | ८२१७२२ | ,, |
| | खर्च रकम | ६८६२७४ | ,, |
| | लाभान्वीत जनसंख्या | ४९२९०५ | जना |
| 5 | उपभोक्ता समितिमा महिला अध्यक्ष भएका योजना संख्या | ९१ | |
| | उपभोक्ता समितिमा पुरुष अध्यक्ष भएका योजना संख्या | ५६७ | |
| | ठेक्का १४,/अमानत–अन्य ३०, संस्थागत अनुदान ३३ | ७७ | |
| | उपभोक्ता समिति मार्फत | ६५८ | |
| | | | |
| 6 | सडक निर्माण/मर्मत तर्फ : | | |
| | नयां ट्र्याक खोल्ने | २६.७३१ कि.मि. | |
| | कालोपत्रे | ५.८२७ कि.मि. | |
| | नयां ग्रावेल | १३।३१२ कि.मि. | |
| | ग्रावेल/मर्मत | ७५.९९९ कि.मि. | |
| | उच्चस्तरीय ग्रावेल | ८.३२५ कि.मि. | |
| | टेवा पर्खाल/तारजाली | १११३ घ.मी. | |
| | नाली निर्माण | ६३२ मी. | |
| | सडक ग्रेडिङ/रोलिङ | ९.९६५ कि.मि. | |

| | | | |
|---|---|---|---|
| | ह्युमपाईप जडान कार्य | २८३ वटा | |
| | सडक कल्भर्ट | ६ वटा | |
| | योजना संख्या | १२८ | |
| | सम्पन्न | १२४ | |
| | खर्च रकम | ८२५२० | हजार |
| | लाभान्वीत जनसंख्या | ६२७४० | |
| | | | |
| 7 | खानेपानीतथा सरसफाई तर्फ | | |
| | नयां खानेपानी | ६ वटा | |
| | सम्पन्न खानेपानी मर्मत | ९ वटा | |
| | टयूववेल÷धारा खरिद÷जडान | ५२ वटा | |
| | खानेपानी टंकीमर्मत | १ वटा | |
| | खानेपानीपाईप खरिद | ३२६९७ मीटर | |
| | खानेपानीधारा संख्या | ६ | |
| | सार्वजनिकशौचालय | ३ | |
| | विद्यालय शौचालय | १ | |
| | खानेपानी मूहान संरक्षण | ८ वटा | |
| | खानेपानी सर्भे | ५ | |
| | सरसफाई तालिम (२ वटा) | २ | |
| | योजना संख्या | ३० | |
| | सम्पन्न | ३० | |
| | खर्च रकम | ११९५९ | हजार |
| | लाभान्वीत जनसंख्या | ९६२५ | जना |
| | | | |
| ८ | सिचाई तर्फ | | |
| | सिचाई कुलो | १६ वटा | |
| | सिचाई बोरिङ | ९ वटा | |
| | सिंचित क्षेत्रफल | ४४० विगाह | |
| | अन्य पूर्वाधार निर्माण | ३ वटा | |
| | नदी नियन्त्रणको लागि तारजाली | ४२८ थान | |
| | योजना संख्या | २९ | |
| | सम्पन्न | २९ | |
| | खर्च रकम | २२९३६ | |
| | लाभान्वीत जनसंख्या | ३३८४ | |
| | | | |
| 9 | भवन तर्फ | | |
| | क्याम्पस भवन | ६ वटा | |
| | विद्यालय भवन | ३८ वटा | |
| | सामुदायिक भवन | ६७ वटा | |
| | धार्मिक क्षेत्र (मठ, मन्दिर, गुम्बा, मस्जीद आदि) | ६४ वटा | |
| | अन्य पूर्वाधार (भवन कम्पाउण्ड, तारवार, ट्रस आदि) | १३ वटा | |

| | | | |
|---|---|---|---|
| | योजना संख्या | १८८ | |
| | सम्पन्न | १८८ | |
| | खर्च रकम | ४२८२५ | |
| | लाभान्वीत जनसंख्या | ७६२६५ | |
| | | | |
| 10 | पुल/कल्भर्ट/झो.पु. | | |
| | झोलुङगे पुल | १० वटा | |
| | सडक पुल (१ अन्तिम चरणमा, १ निर्माण शुरु) | २ वटा | |
| | योजना संख्या | १४ | |
| | सम्पन्न | १२ | |
| | खर्च रकम | ३८२७३ | |
| | लाभान्वीत जनसंख्या | ६०४७ | |
| | | | |
| 11 | उर्जा/विद्युतीकरण तर्फ | | |
| | ग्रामीण विद्युतीकरण (काउले, दाहाखानी, कोराक) | ३ गाविस | |
| | सोलार वितरण | ५६१ थान | |
| | सुधारीएको चुलो | ८८० थान | |
| | योजना संख्या | ८ | |
| | सम्पन्न | ८ | |
| | खर्च रकम | १०६३० | |
| | लाभान्वीत जनसंख्या | ३२२१ | |
| | | | |
| 12 | बन तथा वातावरण संरक्षण तर्फ | | |
| | बृक्षारोपण | १० वटा | |
| | झरना संरक्षण | १ वटा | |
| | पोखरी संरक्षण | ४ वटा | |
| | योजना संख्या | १५ | |
| | सम्पन्न | १५ | |
| | खर्च रकम | ८१९१ | |
| | लाभान्वीत जनसंख्या | १८५७७ | |
| | | | |
| 13 | जनचेतना/क्षमता/सीप विकास कार्यक्रम | | |
| | चेतनामूलक कार्यक्रम | ३८ वटा | |
| | आय मुलक तथा सीपमुलक | ३० वटा | |
| | स्वास्थ्य सम्बन्धी | ७ वटा | |
| | योजना संख्या | ७५ | |
| | सम्पन्न | ७५ | |
| | खर्च रकम | ६७१० | |
| | लाभान्वीत जनसंख्या | १६८२७ | |
| | | | |
| **14** | **पूर्वी चितवन नदी व्यवस्थापन तथा जीविकोपार्जन सुधार** | | |

| | | | |
|---|---|---|---|
| | **कार्यक्रम** | | |
| | स्पर नया निर्माण तथा मर्मत | ३१ वटा | |
| | लोथर र राप्तीमा लन्चीङ एप्रोन, डिभिजन बक्स, डिश्रीटिङ वेशिन, एक्वेडक्ट, स्ल्याव कल्भर्ट आदि कार्य | ९०० मीटर | |
| | सिचाई कुलो मुहान संरक्षण (हेडवर्क) | २९ वटा | |
| | सिचाई कुलो लाईनिङ | ७०१५ मीटर | |
| | नदी तटबन्धन कार्य (Inner Stream) | २८५१ मीटर | |
| | चेक ड्याम निर्माण | ४ वटा | |
| | जलाधार क्षेत्र संरक्षण | १ वटा | |
| | योजना संख्या | ५७ | |
| | सम्पन्न | ३५ | |
| | खर्च रकम | १५१४६७ | हजार |
| | लाभान्वीत जनसंख्या | ४५०६८ | |
| | | | |
| 15 | सामाजिक सुरक्षाभत्ता वितरण रकम (भरतपुर र रत्ननगर बाहेक) | जना | रु. हजारमा |
| | जेष्ठनागरिक दलित | १८५२ | ११११२ |
| | जेष्ठनागरिक अन्य | ११४३६ | ६८६१६ |
| | एकल/विधुवा | ६५५८ | ३९३४८ |
| | पूर्ण अशक्त | ३३० | ३९६० |
| | आंशिक अशक्त | ५२८ | १९०१ |
| | ५ वर्ष मुनीका दलित बालबालिका | २०९४ | ५०२६ |
| | जम्मा | २२७९८ | १२९९६२ |
| | औषधि उपचार खर्च | ११४३६ | ६८६१६ |
| | कूल जम्मा | | १९८५७७ |
| | | | |
| १६ | गाउं विकास समिति अनुदान निकासा | ४५९६९ | |
| | | | |
| 17 | लक्षित वर्गका कार्यक्रमः (स्वीकृत बजेट) | खर्च रकम | कार्यक्रम संख्या |
| | बालबालिका (१७२२) | १२६४ | १४।१० |
| | महिला (१७२२) | १५७३ | १६।१५ |
| | दलित (६८०) | ५६३ | ८।६ |
| | आदिवासी जनजाती (१४४५) | १३९४ | १२।१२ |
| | अपाङग (३१८) | २७९ | ६।५ |
| | पिछडा (१३७) | १३७ | १।१ |
| | दलित (केन्द्र) (४००) | ४०० | ५।५ |
| | (६४२४) जम्मा | ५६१० | ६२।५४ |
| | | | |

**जिल्ला प्राविधिक कार्यालय तर्फका योजना :**

| | | | |
|---|---|---|---|
| | योजना संख्या | ७३ | |
| | सम्झौता संख्या | ५२ | |

| | | | |
|---|---|---|---|
| | सम्पन्न संख्या | ५१ | |
| | खर्च रकम | १९५७१ | |

**खर्च तर्फ**

| | | अनुमानित बजेट | खुद बजेट | निकासा बजेट | खर्च बजेट | बांकी |
|---|---|---|---|---|---|---|
| | पूँजीगत खर्च | ३७६०८१ | ३७६०८१ | १९१५५१ | १९१५५१ | १६७२१४ |
| | चालु खर्च | ४६०१०३ | ४६०१०४ | ४४१७६४ | ४४१७६४ | १६७३६ |
| | जम्मा | ८३६१८४ | ८३६१८५ | ६३३३१५ | ६३३३१५ | १८३९५० |
| | | | | | कोष चा.÷पू. | (१८९२०) |

**कुल योजनाहरुको विवरण :**

| सि.नं. | विवरण | संख्या | योजना निर्माण समिति | संख्या |
|---|---|---|---|---|
| १ | १ लाख सम्मका योजना | २८१ | महिला अध्यक्ष | ९१ |
| २ | ५ लाख सम्मका योजना | २७५ | पूरुष अध्यक्ष | ५६७ |
| ३ | १० लाख सम्मका योजना | ९३ | ठेक्का | १४ |
| ४ | १५ लाख सम्मका योजना | २५ | अमानत÷अन्य | ३० |
| ५ | १५ लाख भन्दा माथिका योजना | ८२ | गाविस÷न.पा.÷संस्था अनुदान | ३३ |
| | (स्वीस, झो.पु., सडकपुल आदि) | ० | **जम्मा** | ७३५ |
| | जम्मा | ७५६ | | |

## सामाजिक परिचालन कार्यक्रम

| | | | |
|---|---|---|---|
| **सामाजिक परिचालन लागू भएका गा.वि.स.** | | **: १६** | |
| **वडा नागरिक मञ्च संख्या** | | | **: १४४** |
| **वडा नागरिक सहभागी संख्या** | | | **: ३३०१** |
| **नागरिक सचेतना केन्द्र संख्या** | | | **: १६** |
| **नागरिक सचेतना केन्द्रमा सहभागी संख्या** | | **: ४०३** | |
| | **जिविकोपार्जन सुधार कार्यक्रम लागू भएको गा.वि.स : १६** | | |

## ४. सामाजिक जिम्मेवारी तथा कार्यसम्पादनको लेखा जोखा

**स्वास्थ्य**

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायतको सुविधा भएको घरधुरी | ९८.९७ प्रतिशत घरधुरी | • नगर स्वास्थ्य केन्द्र तथा सामुदाइक स्वास्थ इकाइ थप स्तरोन्नति | • ९९प्रतिशत<br>• समयमै उपचार पाउन सक्ने अवस्थामा सुधार आएको |
| ५ बर्ष मुनीका बालबालिकाको प्रतिशत | ९.४२ प्रतिशत | नियमितस्वास्थ्य कार्यक्रमको निरन्तरता | • १०.३ प्रतिशत |
| खोपमा पहुच भएको जनसंख्या (एक बर्ष मुनीका बालबालिकाको आधारमा) | ९६. प्रतिशत | • खोप केन्द्र सुचारु | • १०० प्रतिशत<br>• स्वास्थ्यप्रति स्थानीय वासिहरूको सचेतनामा वृद्धि |
| ४ पटक गर्ववती जाँच गरिएको महिलाको संख्या (प्रतिशतमा) | | नियमितस्वास्थ्य कार्यक्रमको निरन्तरता | • ३८ प्रतिशत<br>• गर्भजाँच सेवा सहजता । |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका गर्भवती महिला संख्या | | • प्रसुती प्रोत्सान तथा नर्सिङ सेन्टर | • २१६२६ संख्या<br>• आमा र शिशुको स्वास्थ्य संरक्षणको दिशामा सुधार |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिका संख्या | नभएको । | प्रचार प्रसारात्मक कार्यक्रमहरू सञ्चालन | • नभएको ।<br>• चेतनाको राम्रो उदाहरण |

| | | | |
|---|---|---|---|
| सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरि परिवार संख्या | • | • निशुल्क कार्यक्रम को प्रचार। | • ९२००० घरधुरी<br>• स्वास्थ्य संस्थाबाट स्वास्थ्य सेवा लिने विषयमा स्थानीय नागरिकहरु सचेत भएका । |

## शिक्षा

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|
| आधा घण्टाभित्र प्राथमिक बिद्यालय नपुग्ने बालबालिकाको संख्या | सवै | • सडक सञ्जाल निर्माण भएको, | • सवै आधा घण्टा भित्र पुग्ने । |
| पूर्वप्राथमिक शिक्षामा खुद् भर्नादर | • ६३ प्रतिशत | अभियानमूलक कार्यको निरन्तरता | • ७५ प्रतिशत |
| प्राथमिक बिद्यालयमा पहुँच नभएका सो उमेर समूहका बालबालिका संख्या वा प्रतिशत | ९९.१२कोपहुँच | • प्रचार प्रसार र अभियानमूलक कार्यको निरन्तरता । | • १०० प्रतिशत |
| कक्षा १मा खुद भर्नादर छात्र छात्रा | • ९९.९७ प्रतिशत | • साविक कार्यक्रमको निरन्तरता। | • १०० प्रतिशत |
| प्राथमिक तहमा कक्षा छाड्ने, कक्षा दोहऱ्याउने र कक्षा उत्तिर्ण हुने दर | • ६.६८ प्रतिशत कक्षा छाड्ने | • बिद्यालयमा पठन पाठनका लागि बालबालिकाला | • ९ प्रतिशत छाड्ने दर बृद्धि,<br>• ६ प्रतिशत |

| | | | |
|---|---|---|---|
| | • ९ प्रतिशत दोहर्‍याउने | ई आकर्षित गर्ने वातावरण निर्माण र प्रयत्न, | दोहऱ्याउने दरमा सुधार , • ८४ प्रतिशत उत्तिर्ण |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या | • तालिम प्राप्त शिक्षक १८९० | • बिभिन्न किसिमको तालिम तथा शिप अभिबृद्धि कार्यक्रम सञ्चालन । | • १०० प्रतिशत |
| प्रतिकक्षा कोठा बिद्यार्थी संख्या | | • कक्षा कोठा थप्न निरन्तर प्रयास गाीरएको, | ४० जना |
| बाह्य सहयोगमा निर्मित बिद्यालय कोठा संख्या | | | यस बर्ष छैन । |
| दलित बालबालिकाको शिक्षामा पहुँच | | दलित बालबालिकाको पहुँचका लागि विभिन्न चेतनामूलक तथा बिद्यालय प्रोत्साहन कार्यत्रक्रमहरु सञ्चालन , | ९९प्रतिशत सामुदायिक विद्यालयमा १२०५५ जना, संस्थागत विद्यालयमा ३१०५ जना, बाल विकास तथा पूर्व प्रा.वि.मा ३२०० जना समेत १८३६० जना दलित बाल बालिका तथा छात्र छात्राहरु अध्ययनरत रहेका । |

खानेपानी तथा सरसफाई

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|
| खानेपानी पुगेको परिवार संख्या वा प्रतिशत | ८४ प्रतिशत | • उपभोक्ता समिति तथा कार्यालय मार्फत् खानेपानी आयोजनाहरू सञ्चालन | • हाल सम्म बिभिन्न निकाय बाट २६१ वटा योजना सम्पन्न र ८६.२९ प्रतिसत लाई आधारभुत खानेपानी सुबिधा उपलब्ध भएको |
| सौचालय भएको संख्या वा प्रतिशत | कच्ची सौचालय समेत गरी सबै घरधुरी । | • खुला दिशाामुक्त क्षेत्र घोषणा अभियान, गरिब परिवारलाई सौचालय निर्माणमा सहयोग | • खाल्टे तथा भूकम्पबाट क्षति पुगेका चार्पीहरु को स्तर उन्नती भाई रहेको। तर सार्वजनिक तथा बन क्षेत्र मा बसोबास गर्ने घर धुरी हरुमा शौचालय निर्मण मा चुनौती रहेको |
| खानी पानी सुबिधा भएका प्राथमिक बिधालय | ७० प्रतिशत बिधालय मा खानेपानी सुबिधा भएको | पानी को श्रोत नभएका बिधालय हरु मा आकासे पानी सन्कलन गरी पानी उपलब्ध गराउने कार्यक्रम रहेको | • हाल ७५ प्रतिशत बिधालय हरु मा खाने पानी सुबिधा रहेको |

**बालबालिका, महिला तथा समावेशी क्षेत्र:** *सामाजिक सुरक्षा* (जेष्ठ नागरिक, अपाङ्ग, एकलमहिला,पीछडिएको क्षेत्र तथा लोपोन्मुख जाति)

| गत वर्षको अवस्था | प्रयास | उपलव्धि |
|---|---|---|

| | | |
|---|---|---|
| • ३७५२९ जनालाई सामाजिक सुरक्षा भत्ता वितरण<br>• सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने तथा अपाङ्गता भएकाहरू कोसूची अध्यावधिक गरिएको | • परिचयपत्र तथा सामाजिक सुरक्षा भत्ता वितरणलाई नियमित गरिएको<br>• थप ७२८ जनालाई अपाङ्ग परिचयपत्र वितरण | • जेष्ठ नागरिक, जेष्ठ नागरिक उपचार खर्च, एकल महिला, लोपोन्मुख, अशक्त, अपांग, बाल संरक्षण ४५३८३ जनालाई सामाजिक सुरक्षा भत्ता वितरण<br>• सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने तथा अपाङ्गता भएकाहरू को सूची अध्यावधिक गरिएको |

**बालबालिका, महिला तथा समावेशी क्षेत्र :सामाजिक सुरक्षा** ( जेष्ठ नागरिक)

| **गत वर्षको अवस्था** | **प्रयास** | **उपलव्धि** |
|---|---|---|
| | • सक्रिय जेष्ठ नागरिक सवलीकरण कार्यक्रम दिव्यनगर, गुञ्जनगर, शारदानगर र पार्वतीपुरमा सञ्चालन गरिएको । | • चारै गाविसमा सक्रिय जेष्ठ नागरिक समिति र ३।३ वटा उपसमिति पनि गठन, बचत तथा ऋण कार्यक्रमको सुरुवात, वेमौसमी तरकारी खेती सम्वन्धि तालिम,ऋण लगानी भएको । सक्रिय जेष्ठ नागरिक कार्यक्रमबाट १६० जना भन्दा वढि ज्येष्ठ नागरिकहरु लाभान्वित भएका, |

**बालबालिका, महिला तथा समावेशी क्षेत्र :सामाजिक सुरक्षा** (एकलमहिला,)

| **गत वर्षको अवस्था** | **प्रयास** | **उपलव्धि** |
|---|---|---|
| | • एकल महिलाको परिभाषा, समुह गठन, अवसर कोष, आधार महिला सहकारी बचत | • अवधारणात्मक जानकरी, सीप अभिबृद्धि गरी आत्मबल बढाउनुका साथै आय बृद्धि |

| | | |
|---|---|---|
| | व्यवस्थाका साथै ऋण कार्यक्रम,<br>• एकल महिला सशक्तिकरणको लागि क्षमता अभिवृद्धि तालिम, एकल महिला सीप विकास अर्न्तगत क्रिष्टल तालिम सञ्चालन । | • क्रमश ४० जना र<br>• १५ जनालाई सेवा पुर्याएको, |

**जनचेतना तथा गरिवी निवारण** (***बालश्रम तथा बाल ल्कबहरुको अवस्था*** )

| गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|
| • बालश्रम न्यूनीकरणमा उल्लेख्य उपलब्धि हासिल<br>• बालबालिका सडक जीवनबाट मुक्त<br>तथा दैनिक ३०० देखि ५०० रुपैयाँ सम्म आम्दानी गर्न सफल | • दियालो परिवार, जिल्ला विकास समितिको कार्यालय, यूनिसेफ नेपाल र केन्द्रीय बालकल्याण समिति समेतको सहकार्यमा १८ बर्ष मुनिका सडक बालबालिका र जोखिममा परेका बालबालिकाहरु सडक बाल बालिकाहरुको सामाजिकीकरण र पारिवारीक पुनर्एकिकरण एवं बालहेल्पलाईन कार्यक्रम लगायतका बिभिन्न्न कार्यक्रमहरु सञ्चालन गरेको । | • १३५जना)सडक बालबालिकाहरुको यथार्थ अवस्था सार्वजनिक (चित्रण)<br>• कवाड व्यवसायीहरुव्दारा बालश्रम प्रयोग नगर्ने कुरामा प्रतिवद्ध<br>• बालश्रम अन्त्यका लागि प्रसारित सन्देषमूलक सूचनाहरुबाट बाल अधिकार सम्बन्धि चेतना अभिवृद्धि,<br>• सडक बालबालिकाहरु सडक जीवनबाट मुक्त हुन विकल्पको खोजी गर्ने कार्यको थालनी । |
| बालश्रम न्यूनीकरणमा उल्लेख्य उपलब्धि हासिल<br>• केही बालबालिका सडक जीवनबाट मुक्त<br>• केही सडक बालबालिका तथा तिनका परिवार दैनिक ३०० देखि ५०० रुपैयाँ सम्म आम्दानी गर्न सफल<br>• केही बालबालिकाहरू लाई पारिवारीक पूनर्एकिकरण<br>• बालश्रमको विरुद्धमा पालन गर्ने आचार संहिताको पहिलो मस्यौदा निर्माण । | बालमैत्री व्यवहार अपनाउन अनुशिक्षण । अन्तरक्रिया संचालन ।<br><br>बालश्रम विरुद्धको समन्वय समितिबाट बालश्रमका पीडकहरु दण्डित गराउन बालश्रम, नीति,आचार संहिताको निर्माण र कार्यान्वयन,<br><br>सीप विकास तालिम, आयआर्जनका गतिविधि, औपचारिक अनौपचारिक शिक्षा, स्वास्थ्य सेवा र मनोविमर्श सेवा एवं बालहेल्पलाईनका माध्यमबाट बालश्रमिकहरुलाई पारिवारीक पुनर्एकिकरणमाा सहयोग पुर्याउने कार्यक्रम कार्यान्वयन,। | • बालमैत्री व्यवहार अपनाउन प्रतिवद्धता व्यक्त ।<br>• बालश्रमको अन्त्य र बाल संरक्षण सम्बन्धी आचार संहिता निर्माण ।<br>• २३ जनाले लघु उद्यमशिलता सम्बन्धी तालिम प्राप्त गरेका २१ जनाले लघु व्यवसाय संचालन गरी नियमित बचतकालागि दियालो बचत तथा ऋण सहकारी संस्थामा आवद्ध ।<br>• १५ जनालाई मनोविमर्श सेवा प्रदान गरि १२ जना सामान्य अवस्थामा फर्कन सफल । |
| | | • १० जनालाई शैक्षिक सहयोग प्रदान र विद्यालयमा निरन्तरता । |

| | | |
|---|---|---|
| | | • १५ जना सडकका, ३४ जना जोखिमका बालबालिकाहरु पारिवारीक पुनर्एकिकरण,<br>• जोखिममा परेका १२ जना बालबालिकाहरुको पारिवारीक पून:मिलनको सिफारिस ।<br>• २०जना सडक बालबालिकाहरु परिवारमा फर्कने तयारीमा ।<br>• ६५ जना सडक बालबालिकाहरु प्राथमिक उपचार र स्वास्थ्य सेवाबाट लाभान्वित, |
| | बाल संरक्षण र बालश्रम उन्मूलन कार्यक्रम<br><br>निकृष्ट प्रकारका श्रममा संलग्न बालवालिकाहरुको दिगो सामाजिक, आर्थिक पुनर्एकिकरणका श्रम क्षेत्रबाट मुक्त गरि घर परिवार र समुदायमा पुनः स्थापित गर्ने, | बालश्रमिक पहिचान : यस वर्ष १९४ जना बाल श्रमिकहरुको पहिचान गरी दर्ता प्रणालीलाई ब्यबस्थित गरिएको ।<br><br>ख) घटना ब्यबस्थापन/आवश्यकता लेखा जोखाः<br><br>ग) मनोविमर्श सेवा : ३० जना बालश्रमिकलाई परामर्श सेवा प्रदान गरि पुर्ववत अवस्थामा फर्केका ।<br><br>घ) विद्यालय भर्ना : यस वर्ष ४९ जना बालश्रमिकहरु विद्यालय भर्ना भई अध्ययनलाई निरन्तरता दिएका छन् ।<br><br>ङ) पारिवारिक आयआर्जन : २० परिवारले दैनिक रु ५००/- देखि रु ७००/- सम्म खुद आम्दानी गर्न सफल रहेका छन् ।<br><br>च) ब्यबसायिक तालिम तालिम लिएका १० जना मध्ये ८ जना रोजगारमा संलग्न ।<br><br>छ) सहकारीमा आवद्ध :<br><br>ज) परिवारिक पुनर्एकिकरण : |

| | | |
|---|---|---|
| | कुपोषणको न्यूनिकरणका लागि सामुदायिक सचेतना अभिवृद्धि गर्न, कुपोषित बच्चाहरुको औषधोपचार, पोषणयुक्त आहार, राम्रो हेरविचार गरी पोषण पुनर्स्थापना गर्ने तथा पोषण सम्बन्धि परामर्श सेवा उपलव्ध गराउन पोषण पुनःस्थापन कार्यक्रम सञ्चालन । | निशुल्क पोषण स्वास्थ्य शिबिरको आयोजना, शिक्षा, सूचना तथा संचार सामाग्री वितरण, पोषण पुनर्स्थापन गृह मार्फत १४७ जना बालबालिकाहरुले सेवा सुविधा उपभोग गरी स्वास्थ्य लाभ गर्नुका साथै ३३१ जनाले स्वास्थ्य र पोषण शिक्षा, प्रजनन् स्वास्थ्य र पोषण सम्बन्धी परामर्श सेवा प्राप्त गरीलाभ लिएका । |
| | विद्यालय बाहिर जोखिम परिस्थितिमा रहेका १० देखि १८ बर्ष उमेर सम्मका बालबालिका<br><br>खेल्दै सिक्ने केन्द्रर घुम्ति सिकाई थालोको थालनी | सहयोगी कार्यकर्ता तालिम सम्पन्न, अध्ययनमा सहभागिता, अतिरिक्त क्रियाकलाप, खेल्दै सिक्ने केन्द्रको बार्षिक लक्ष्य ६० जना बालबालिकालाई सेवा पुर्याउने रहेकोमा ७९ जना बालबालिका लाभान्वित भएका । |

**जनचेतना तथा गरिवी निवारण :महिला हिंसा**

| गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|
| महिला हिंशा विरुद्ध १६ दिने अभियान कार्यक्रम सञ्चालन<br><br>पुरानै कार्यक्रमको निरन्तरत महिला हिंशा बिरुद्ध सचेतना वृद्धि भएको । | एक्सन एड समेतको सहयोगमा उंलदो सयोकरोड अभियान १ पटक,<br>• अन्तराष्ट्रिय श्रमिक महिला दिवस,<br>• घटना दर्ता तथा सेफ सिटि, संयुक्त लालपुर्जा अभियान,<br>• हिसामा परेका महिलाहरुसंग लैगिङ्ग हिंसाको बिषयमा बैठक | १०४ वटा महिला हिंसाको घटनाहरु आएकोमा कानुनी प्रकृयामा समुदायमा ४८ मेलमिलाप भएको प्रहरी चौकिहरुमा ४२ वटा महिला हिंसाको घटनाहरु समाधान भएका, अदालतमा १४ वटा दर्ता भएको छ । ६ जनाले न्याय पाएका,<br><br>सरोकारवालाहरुसँगको महिला हिंसा सम्बन्धी बैठक पछि ७८ जना अगुवा पुरुषहरुले महिला हिंसाको बिरुद्ध आवाज उठाउन थालेका, |

| | | |
|---|---|---|
| | सामुदायिक शिशु स्याहार केन्द्र स्थापना,<br><br>आफनो व्यवासाय सुधार तथा शुरुवात तालिम आदि विभिन्न कार्यक्रम सञ्चालन | • सार्वजनिक स्थानमा महिला तथा किशोरी माथिहुने हिंसाको बिरुद्ध सेफसिटिक अभियानबाट सेफ बुथराखि करीव ७००जना, चालक र सहचालकहरु ३०जनालाइ सचेत गराईएको ।<br>• शिशुस्यहार केन्द्रबाट २३ जना वालवालिकाहरुलाई सेवा दिईएको,<br>• समुदायमा ७५ जोडीलाई संयुक्त लालपुर्जा बिषयमा अभिमुखिकरण दिइएकोमा ३८ जोडी संयुक्त लालपर्जा लिने र ४५ जना एकल लिनेलाई सम्मान गरिएको ,<br>• हिंसामा परेका महिलाहरुको लागि बास्केड फन्ड स्थापना गरिएको |

**जनचेतना तथा गरिवी निवारण :स्वरोजगारका प्रयासहरू**

| गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|
| ३. | श्रममा संलग्नभएको कारणबाट विद्यालय शिक्षाबाट बञ्चित हुन पुगेका बालवालिकाहरुलाई अनौपचारिक शिक्षाको माध्यमबाट औपचारिक शिक्षाको मूलधारमा | **क) शहरी बालशिक्षा :**<br>❖ ३५ जना बालवालिकाहरुको सहभागितामा १ महिने **खेल्दै सिक्ने केन्द्र (KSK) अनौपचारीक** शहरी बालशिक्षा कक्षा संचालन गरियो ।<br>❖ उक्त ३५ जना बालबालिकाहरु मध्ये २४ जना बालक ११ .जना बालिका रहेका छन् ।<br>**ख) शहरी बालशिक्षाका अन्य गतिविधिहरु :**<br>` **खेल्दै सिक्ने केन्द्र (KSK)** कक्षालाई बालमैत्री र ब्यबस्थित गरि सिकाईको बातावरणलाई |

| | संलग्नताको लागि अनुकुल वातावरणको सृजना गर्ने | अनुकुल बनाउने अभिप्रायले निम्न कार्यहरु सम्पन्न गरियो । ❖ पाठ योजना ❖ अभिलेखिकरण प्रत्यक बालबालिकाहरुको दैनिक कृयाकलाप । |
|---|---|---|

**समष्टिगत रुपमा बाल हेल्पलाइनद्वारा हालसम्म पुऱ्याइएका सेवाहरु : मुख्य मुख्य क्रियाकलाप :**

| क्र.सं. | सहयोग विवरण | लाभान्वित बालबालिका | | |
|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा |
| १. | मनोविमर्श सेवा | १६९ | १९० | ३५९ |
| २. | प्राथमिक उपचार/स्वास्थ्य सेवा | ९३ | ८४ | १७७ |
| ३. | औपचारिक शिक्षा | १४ | १७ | ३१ |
| ४. | श्रम शोषण, हिंसा र दुर्व्यवहारबाट उद्धार र राहत प्रदान | १०१ | १०९ | २१० |
| ५. | संस्थागत पुनर्स्थापन | ६ | ९ | १५ |
| ६. | पारिवारिक पुनर्स्थापन तथा पुनर्एकीकरण | ९३ | ६८ | १६१ |
| | कुल जम्मा : | ४७६ | ४७७ | ९५३ |

कार्यक्रमको नाम :**बाल संरक्षण रबालश्रम उन्मूलन कार्यक्रम**

सहयोगि / साझेदार संस्था : भरतपुर उपमहानगरपालिकाको कार्यालय/यूनिसेफ नेपाल

**उमेर समूहको आधारमा यस बर्ष पहिचान गरिएका बालश्रमिक विवरण :**

| उमेर समुह | बालक | बालिका | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| १० बर्ष उमेर भन्दा मुनि | १५ | १८ | ३३ | २३.०७ |
| १० बर्ष देखि १४ बर्ष मुनिका | २३ | ४२ | ६५ | ४५.४५ |
| १४ बर्ष देखि १८ बर्ष मुनिका | १९ | २६ | ४५ | ३१.४८ |
| जम्मा | ५७ | ८६ | १४३ | १०० |

**यस अवधिमा सम्पन्न कियाकलापहरु र उपलब्धीहरु :**

| क.स. | कियाकलाप | प्रगति तथा उपलब्धीहरु |
|---|---|---|
| १) | ७५ जना बालश्रमिकहरु पहिचान तथा सर्वेक्षण गरि निजहरुको प्रोफाईल तयार पार्ने | ● निकृष्ट प्रकारका श्रममा संलग्न ८६ जना बालिका र ५७ जना बालक गरि १४३ जना बालश्रमिकहरुको पहिचान र दर्ता गरि निजहरुको व्यक्तिगत विवरण तयार पारियो । ● उक्त १४३ जनाहरु मध्ये जनजाति ६ प्रतिशत (६६जना), दलित ३२ प्रतिशत ( ४५जना) र अन्य (ब्रामण/क्षेत्री ) २२ प्रतिशत (३२ जना) रहेका छन् । ● हाल सम्म ५७१ जना बालक र ४०० जना बालिका गरि जम्मा ९७१ जना बालश्रमिकहरुको पहिचान गरि दर्ता प्रणालीलाई व्यबस्थित गरिएको छ । |
| २. | पहिचान गरिएका बालश्रमिकहरुको घटना ब्यबस्थापन तथा आवश्यकताको लेखाजोखा | ● ३८ जना बालिका र २२ जना बालकहरु गरि जम्मा ६० जना बालश्रमिकहरुको आवश्यकताको लेखाजोखा सम्पन्न । ● लेखाजोखाको आधारमा शिक्षा, स्वास्थ्य,मनोविर्मश सेवा, आयआर्जन एवं ब्यबसायिक तालिम र पुनर्एकिकरणका योजना निर्माण र कार्यन्वयन गरियो। |

| | | |
|---|---|---|
| ३. | मनोविर्मश सेवा | ● मनोसामाजिक समस्या देखा परेका १३ जना बालिका र ७ जना बालक गरि २० जना बालश्रमिकहरुलाई प्रशिक्षित मनोविर्मशकर्ता द्धारा मनोविर्मश सेवा प्रदान गरि निजहरुलाई सामान्य अवस्थामा ल्याउन सफलता प्राप्त । |
| ४. | बालश्रमिकहरुको पारिवारिक पुनर्एकिकरणका लागि तिनका अभिभावकहरुलाईआय आर्जनका गतिविधि संचालनका लागि आर्थिक तथा बस्तुगत सहयोग | ● बालश्रमिकहरुलाई जोखिमपुर्ण श्रमबाट मुक्त गर्ने अभिप्रायका साथ ११ जना बालिका र ९ बालक गरि २० जना बालश्रमिका परिवारलाई आयआर्जनका लागि प्रति परिवार रु. १५,०००।- बस्तुगत सहयोग प्रदान गरियो ।<br>● उक्त बस्तुगत सहयोग उपलब्ध गराईएकाहरुमध्ये बाख्रा पालन ब्यबसाय सञ्चालन १० जना, ठेलामा ब्यबसाय सञ्चालन ४ जना, साईकलमा फलफुल ब्यबसाय सञ्चालन २ जना, हाँस पालन ब्यबसाय सञ्चालन २ जना, किराना पसल १ जना र १ परिवारले होटल सञ्चालन गर्दै आएका छन् ।<br>● उक्त २० परिवार मध्ये ३ परिवारले दैनिक रु.९००।-सम्म खुद आम्दानि गर्न सफल भएका छन् भने अन्य परिवारको दैनिक आम्दानि सरदर रु. ३०० देखि ६०० सम्म रहेको पाईएको छ । |
| ५. | ब्यबसायिक तालिम प्रदान | ● ६ जना किशोरिहरु र ४ जना किशोर गरि जम्मा १० जना श्रमिक किशोर किशोरीहरुलाई ब्यबसायिक तालिम प्रदान गरियो ।<br>● पारिवारिक पुनर्एकिकरणमा सहयोग प्ऱ्याउने अभिप्रायका साथ ५ जना लाई कुक तालिम र अर्का ५ जनालाई ब्युटिसियन तालिम दिईयो ।<br>● उक्त तालिम प्राप्त १० जना किशोर किशोरीहरु मध्ये २ जना रोजगारीमा संलग्न भएका छन् भने ३ जना स्वरोजगार भएका छन् र निजहरुलाई संस्थाद्धारा आवश्यक वस्तुगत सहयोग समेत उपलब्ध गराईएको छ । |
| ६. | सहकारीमा आवद्धता | ● आयआर्जान कियाकलापमा संलग्न २० परिवारको बचत गर्ने बानीको विकास गर्ने अभिप्रायका साथ वडा न. १० स्थित समग्र् बचत तथा ऋण तथा सहकारी संस्था, वडा न. ११ स्थित गणेस्थान बचत तथा ऋण सहकारी संस्था लगायतका सहकारी संस्थाको सदस्यता दिलाई निजहरु बाट नियमित रुपमा बचत गर्ने बानिको विकास हुँदै आएको छ । सहकारीमा आवद्धताका लागी संस्था बाट प्रति ब्यक्ति रु. ३०००।- सहयोग उपलब्ध गराईएको छ । |
| ७. | औपचारिक शिक्षा सहयोग | ● १४ बर्ष मुनिका १२ जना बालिका र ८ जना बालक गरि जम्मा २० जना बालबालिकाहरुलाई विभिन्न बिद्यालयहरुमा भर्ना गरि अध्ययन कार्यमा सहजता ल्याउन स्कुल पोशाक र स्टेशनरीका लागि रु. ३५००।- प्रति बालबालिका सहयोग पुऱ्याइयो । |
| | अन्तरकियाा/ अनुशिक्षण | ● बालश्रमको अन्त्य र बालअधिकार प्रति संवेदनशिल र जागरुक गराउने अभिप्रायका साथ बिद्यालय एल्मुनाई एशोसियशन, रोजगारदाता संघ, उद्योग बाणिज्य संघ, रोटरी, लायन्स, जेसिस जस्ता प्रमुख सरोकारवालाहरुका बिच ४ वटा अन्तरकिया तथा अनुशिक्षण कार्यक्रमको आयोजना गरिएको थियो ।<br>● ७८ जना महिला र २९ जना पुरुष गरि १०७ जनाको सहभागिता रहेको उक्त छलफलको फलस्वरुप निजहरुबाट श्रमिक बालबालिकाको खोजि कार्यमा सघाउनुको साथै बालश्रम मुक्त टोल घोषणा गर्न र बालबालिकाको पुनर्एकिकरण कार्यमा समेत सकारात्मक भुमिका निर्वाहा भएको थियो । |
| ९. | सचेतिकरण | ● बालश्रम न्युनिकरण तथा अन्त्यका लागि सहयोग पुग्न जाने विश्वासका साथ नागरिक समाजका संघ संघठन तथा सरोकारवालाहरुका वीच अन्तरकिया एवं सचेतना कार्यक्रम विभिन्न ५ वटा वडाहरुमा ५ इभेन्ट सञ्चालन गरियो ।<br>● ९१ जना महिला र ३९ जना पुरुष गरि जम्मा १३० जना सहभागी रहेको उक्त |

| | | |
|---|---|---|
| | | सचेतना कार्यक्रमको फलस्वरुप बालश्रम मुक्त टोल घोषणामा सहयोग प्राप्त भएको थियो । |
| १०. | बिद्यालय स्तरिय सचेतिकरण कार्यक्रम | ● बालश्रम न्युनिकरण र बाल संरक्षणमा टेवा पुऱ्याउने उद्देश्यका साथ बिद्यालय स्तरिय ५ वटा सचेतिकरण कार्यक्रम सम्पन्न गरियो ।<br>● बिद्यालयमा अध्ययनरत बालबालिका, शिक्षक, बिद्यालय ब्यबस्थापनका पदाधिकारीहरु संलग्न रहेको सचेतिकरण कार्यक्रमले बिद्यालयलाई बालमैत्री र बालकेन्द्रित सिकाई पद्धतिको अवधाराणलाई प्रोत्साहन गर्ने कुरामा प्रतिवद्धता ब्यक्त गरियो । साथै बालबालिकाले आफनो घर, टोल, छिमेकमा बालश्रम प्रयोग भए नभएको अनुगमन गर्न जागरुकता देखाए ।<br>● बिभिन्न ५ वटा बिद्यालयमा गरिएको सचेतिकरण कार्यक्रममा २७० जनाको सहभागिता रहयो । |
| ११. | बाल दिवसको आयोजना | ● राट्रिय बालदिवसको अवसरमा "बालश्रम र शिक्षा" विषयक १ दिने अन्तर मा. वि. वतृत्वकला र चित्रकला प्रतियोगिताको आयोजना गरियो ।<br>● ३४ जना किशोरिहरु र ३५ जना किशोरहरु गरि जम्मा ६९ जनाको सहभागिता रहेको उक्त प्रतियोगिताले बालबालिकामा अन्तरनिहित क्षमतालाई प्रष्फुटन गर्ने अवसर सृजना भएको थियो भने बालश्रमको न्युनिकरणमा सहयोग पुग्नुका साथै शिक्षा आर्जनका लागि बालबालिका अभिप्रेरित भएका थिए ।<br>● उक्त प्रतियोगितामा प्रथम, द्बितिय र तृतिय हुने छात्र छात्रालाई पुरस्कृत तथा सम्मान गरिएकोमा अतिरिक्त क्रियाकलाप प्रति बालबालिकाको अभिरुचि वृद्धिमा क्रमिक सुधार हुदै आयो । |
| १२. | बालश्रम मुक्त टोल घोषणाका लागि अन्तरक्रिया | ● बि.स.२०७६ साल सम्म भरतपुर नगर क्षेत्रलाई बालश्रम मुक्त गर्नै भरतपुर उप-महानगरपालिकाको अभियानलाई मुर्त रुप दिन महिला समुह, अभिभावक, रोजगार दाता, टोल विकास संस्था र स्थानीय समुदायलाई संलग्न गराई विभिन्न ५ वटा स्थानमा "बालश्रम मुक्त टोल " स्थापना गर्नै अभिप्रयका साथ अन्तरकृिया कार्यक्रमको आयोजना गरियो ।<br>● ६७ जना महिला र ३३ जना पुरुष गरि जम्मा १०० जना सहभागि भएको उक्त कार्यकम्रबाट बालश्रम मुक्त टोल घोषणा गर्नका लागि पूर्व तयारी चरणको कार्य गऱ्यो । |

| | | |
|---|---|---|
| १३ | सचेतिकरण कार्यशाला गोष्ठीको आयोजना | ● भरतपुर उप-महानगरपालिकाका लक्षित वडाहरुमा बाल संरक्षण, बालश्रम न्युनिकरण र बालश्रम मुक्त टोल घोषणा अभियानलाई सार्थक तुल्याउन संयन्त्रको विकास गर्ने अभिप्रायका साथ ७ वटा सचेतिकरण कार्यशाला गोष्ठीको आयोजना गरियो ।<br>● करिब २५० जना सहभागि रहेको उक्त गोष्ठी लगायतका क्रियाकलाप एंव प्रयास बाट भरतपुर उप -महानगरपालिका भित्र निम्न टोलहरु बालश्रम मुक्त टोल घोषणा गरियो ।<br>**बालश्रम मुक्त टोल घोषणा :**<br>१) शिव मन्दिर टोल विकास संस्था–भरतपुर १०-२०७२/०५/१८<br>२)भु.पु. सैनिक नमुना टोल विकास संस्था–भरतपुर १०-२०७२/०५/१९<br>३) पोखरी  टोल विकास संस्था–भरतपुर ११ -२०७२/०८/०१<br>४)निलगिरी टोल विकास संस्था–भरतपुर ११-२०७२/१०/१६<br>५)चित्रसेन टोल विकास संस्था–भरतपुर १० -२०७२/१०/२९<br>यस अघि नै अघिल्लो आ. व मा मिति २०७१ असोज २ गते भरतपुर उप-महानगरपालिका वडा न. १२ स्थित नवरत्न टोल विकास संस्थाले आफनो टोल बालश्रम मुक्त भएको घोषणा गरि  चितवन  जिल्लामै बालश्रम मुक्त टोल घोषणा गर्ने पहिलो टोल भएको इतिहास रचि सकेको छ । यसरी यस दियालो परिवारले विभिन्न निकायको सहयोगमा हाल  सम्म ६ वटा टोललाई बालश्रम मुक्त टोलको रुपमा घोषणा गर्न सहजीकरण गरिसकेको छ । |
| १४ | संयुक्त अनुगमन | ● संस्थाको कार्यसमिति, निर्देशक समिति, कर्मचारीहरु, भरतपुर उप-महानरपालिका कार्यालय र युनिसेफ नेपाल बाट कार्यक्रमको नियमित रुपमा अनुगमन तथा घटना अध्ययन, फोटोग्राफी तथा भिजुअल लिने कार्य हुँदै आएको छ ।<br>● त्यस्तै गरि भरतपुर उप-महानगरपालिकामा अवस्थित राजनैतिक पार्टीका प्रतिनिधिहरु, बालमैत्री स्थानीय शासन समितिका प्रतिनिधिहरु र प्रमुख सरोकारवालाहरु बाट पनि कार्यक्रमको अनुगमन भ्रमण हुँदै आएको छ ।<br>● यस अवधिमा १० पटक अनुगमन भ्रमण सम्पन्न भएको छ ।<br>● यसरी नै भरतपुर उप -महानगरपालिकाका फोकल पर्सन, कार्यकारी अधिकृत र लेखा अधिकृतहरुबाट पनि  कार्यक्रम र आर्थिक क्रियाकालापको निरिक्षण अनुगमन भएको छ ।<br>● अनुगमनलाई नियमित प्रकृयाको रुपमा अपनाई अनुगमनबाट प्रदान गरिएका पृष्ठपोषणको आधारमा कार्यक्रममा समय सापेक्ष सुधार हुँदै आएको छ ।<br>● बिगत बर्षहरुमा उपलब्ध गराईएका ब्यबसायिक तालिम, आय-आर्जनका गतिविधिहरु, शैक्षिक सहयोगको अवस्था र अन्य बालश्रमिक एंव निजका परिवारहरुको follow up जारि छ । |

कार्यक्रमको नाम : अनौपचारिक बाल शिक्षा कार्यक्रमः खेल्दै सिक्ने केन्द्र र घुम्ति सिकाइ थलो

सहयोगी संख्या :- भरतपुर उपमहानगरपालिका कार्यालय, भरतपुर, सम्मुनत नेपाल, काठमाडौं ,युनिसेफ नेपाल, भरतपुर ।

कार्यक्रमको भौगोलिक क्षेत्रः भरतपुर-उपमहानगरपालिका अर्न्तगतका वडाहरु १,२,३ र ४

लक्षित समुहः विद्यालय बाहिर जोखिम परिस्थितिमा रेहका १०देखि१८ वर्ष उमेर समुहका      बालबालिकाहरु

**निर्धारित उद्देश्य अनुरुपको प्रगति तथा उपलब्धिहरु:**

| क्र.सं. | उद्देस्य | प्रगति तथा उपलब्धिहरु |
|---|---|---|
| १ | औपचारिक/अनौपचारिक शिक्षामा कहिल्यै प्रवेश नगरेका, गएर पनि छाडेका एवं श्रम क्षेत्र तथा जोखिम परिस्थितिमा रेहका शहरी क्षेत्रका बालबालिका तथा किशोर किशोरीहरुलाई अनौपचारिक शिक्षाको माध्यमबाट पुन बिद्यालय शिक्षामा नै फर्काउ तथा सो संभव नभएमा बालबालिका तथा किशोर किशोरीहरुलाई स्वरोजगारी, जिवनोपयोगी र ब्यवसायिक सिप विकास गर्दे सकारत्मक र सहज जिवन यापन गर्न सहयोग पुऱ्याउने । | **क) सहयोगी कार्यकर्ता तालिम सम्पन्न**<br>• खेल्दै सिक्ने केन्द्र र घुम्ति सिकाई थला कार्यक्रममा संलग्न सहजकर्ता, स्वयम सेवक, फोकल प्रर्सन तथा कक्षा परिचालकहरुको संलग्नतामा ९ दिने र ६ दिने आधारभुत तालिम संपन्न भएको छ । साथै पूर्नताजगी तालिमहरु समेत सम्पन्न भएको छ ।<br>• यस्तै गरि सहजकर्ताहरुका लागि २ दिने इ–पाटी तथा कम्प्युटर प्रयोग संबन्धि प्रशिक्षण संपन्न भएको छ ।<br>**ख) अध्ययनमा सहभागिता :**<br>• संस्था भवनमा संचालित खेल्दै सिक्ने केन्द्रबाट १०० जना बालबालिकाहरु लाभान्वित भएका छन् । सो केन्द्र २०७१ साल मंसिर ४ बाट संचालनमा आएको छ । |
| | | • खेल्दै सिक्ने केन्द्रमा अध्ययन गरेका उक्त १०० जना बालबालिकाहरु मध्ये ३० जना बिद्यालय भर्ना, १२ जना पारिवारिक पुनर्एकिकरण र ८ जना बसाई सराई गरि अन्यत्र गएका छन् । यस्तै गरि ४ जनाले सानातिना ब्यबसायहरु संचालन गर्दै आइरेहका छन्, १ किशोरले प्लम्बिङ्ग तालिम लिई रोजगारि पाएका छन् ।<br>ग) अतिरिक्त क्रियाकलाप<br>• बालबालिकाहरुको सृजनात्मक क्षमता, जिज्ञासुपन र अनुसन्धतात्मक स्वभावलाई प्रोत्साहन गर्दै उनिहरुको सिकाईलाई थप मद्दत पुऱ्याउने अभिप्रायका साथ खोजपूर्ण कार्य तथा अबलोकन भ्रमणको आयोजना हुँदै आएको छ ।<br>• टेलिभिजन, सि.डी. को प्रयोग, पाठ्य तथा सन्दर्भ सामाग्रि र इ पाटी / ल्यापटप जस्ता सिकाई सामाग्रीको माध्यमबाट शिक्षण क्रियाकलापको प्रभावकारिता बृद्धि गरिएको छ ।<br>• खेल सामाग्रीको प्रयोग बालगित ज्ञानबर्दक कथा लगायतका शिक्षण बिधिहरुको प्रयोगबाट कक्षालाई बालमैत्री र बाल केन्द्रित सिकाइको बाताबरण सृजना गर्ने गरिएको छ ।<br>• कक्षा केन्द्रलाई ब्यबस्थित र प्रभावकारी ढंङ्गबाट निरन्तर संचालन गरिरहन कक्षा ब्यबस्थापन समिति गठन गरिएको छ । उक्त समितिमा अभिभावक, रोजगारदाता, समाजसेवी, लक्षित बालबालिका र सहजकर्ताको प्रतिनिधित्व रहेको छ ।<br>• २०७१ साल मंसिर ४ गते बाट संचालित खेल्दै सिक्ने केन्द्र एक शैक्षिक सत्रमा २५० दिन, हप्ताको ६ दिन र दैनिक विहान ८ बजे देखि साँझ ६ बजे सम्म खुल्ला गर्ने गरिएको छ । |
| २ | **शहरी क्षेत्रमा बिधालय बाहिर जोखिम परिस्थितिमा रहेका बालबालिका तथा किशोर किशोरीहरुलाई उनीहरुको स्थानमा गइ सिकाईको अवसर प्रदान गर्ने ।** | • जोखिम परिस्थितिमा रहेको बालबालिका तथा किशोर किशोरीहरुका लागि बैकल्पीक शिक्षा कार्यक्रम अर्न्तगत "घुम्ति सिकाइ थलो " २०७१ फाल्गुण २४ गतेबाट संचालनमा आएको छ ।<br>• शहरि क्षेत्रमा बिद्यालय बाहिर जोखिम परिस्थितिमा रहेका बालबालिका तथा किशोर किशोरिहरुलाइ उनिहरुको स्थानमा गइ सिकाइको अवसर प्रदान गर्ने अभिप्रायका साथ संचालित घुम्ति सिकाई थलो बालबालिकाको माग अनुरुप पायक पर्ने ३ स्थानमा संचालनमा रह्यो ।<br>• बिद्युतिय रिक्सामा खेल सामाग्री र अध्ययन सामाग्रीको ब्यबस्थापनका साथ बालबालिका बस्ने स्थानमा पुऱ्याईएको सो साधन मार्फत ३ बालिका र २६ जना बालक गरि जम्मा २९ जना बालबालिका लाभान्वित भएका छन् ।<br>• उक्त २९ जना मध्य १०–१३ वर्ष उमेर समुहका बालबालिका तथा किशोर किशोरीहरुलाई औपचारिक शिक्षाको मूलधारमा संलग्न गराउन पहल गरिएको छ । हालसम्म ३ जना बिद्यालय भर्ना भएका छन् भने २ जनालाई श्रमक्षेत्रबाट |

| | | |
|---|---|---|
| | | मुक्त गरि घर फर्काइएको छ । |

**निर्धारित क्रियाकलाप अनुरुपको प्रगति तथा उपलब्धीहरु :**

| क.स | क्रियाकलाप | प्रगति तथा उपलब्धीहरु |
|---|---|---|
| १ | शहरि बालशिक्षा कक्षा सञ्चालन | • भरतपुर उप-महानगरपालिका वडा न. ८ मा १ वटा कक्षा, वडा न. ९ मा १, वडा न. १० मा १ र वडा न. ११ मा २ वटा कक्षा गरि जम्मा ५ वटा १० महिने शहरि बालशिक्षा कक्षा सञ्चालन गरियो ।<br>• उक्त ५ वटा कक्षामा ५९ जना बालिका र ४९ जना बालक गरि जम्मा १०८ जना १४ बर्ष मुनिका बालबालिकाहरुको संलग्नता रहेको थियो ।<br>• उक्त शहरि बालशिक्षाको मुख्य उद्देश्य श्रममा संलग्न भएका कारण र अन्य कारणले बिद्यालय शिक्षाबाट बञ्चित हुन बाध्य भएका बालबालिकाहरुका लागि ब्रिजकोर्षको माध्यमबाट ५ कक्षा सम्म बिद्यालय भर्ना गर्न सकिने खालको ब्यबहारिक शिक्षा दिलाउनु रहेको थियो ।<br>• कक्षा प्रारम्भ गर्दा ५ वटा कक्षामा १०८ जना बालबालिकाहरुको संलग्नता रहेकोमा कक्षाको अन्त्य १० औं महिनामा आइपुग्दा ७० जना (६५ प्रतिशत) ले शहरि बालशिक्षाको कोर्ष पुरा गरेका थिए भने विभिन्न कारणवस ३८ जना (३५ प्रतिशत) बालबालिकाहरु dropout -भएका थिए ।<br>• परम्परागत कक्षाकोठा ब्यबस्थापन तथा शिक्षक केन्द्रित बालशिक्षा कार्यक्रमलाई बाल केन्द्रित तथा शिक्षक केन्द्रित बाल शिक्षा कार्यक्रमलाई बालकेन्द्रित तथा बालमैत्रीपूर्ण कार्यक्रमका रुपमा परिणत गरि बालबालिकाहरुलाई अधिकतम गुणस्तरयुक्त शिक्षा हासिल गर्ने अवसर प्रदान गरिएको थियो । |
| २ | कक्षा ब्यबस्थापन समिति निर्माण र परिचालन | • शहरी बालशिक्षा कक्षालाई बालमैत्री र ब्यबस्थित गरि सिकाईको वातावरणलाई प्रभावकारी बनाउने अभिप्रायका साथ सम्बन्धित कक्षा वरपरका प्रवुद्ध बर्ग, समाजसेवी, रोजगारदाता एवं टोल विकास संस्थाका पदाधिकारिहरु सम्मीलीत ५ वटा कक्षा ब्यबस्थापन समिति गठन गरिएको थियो भने कक्षा कोठामा उत्पन्न समस्या र आवश्यकतालाई समाधान र पुर्ति गर्न उक्त समिति क्रियाशिल रहेको थियो । |
| ३ | खोजपुर्ण कार्य/अवलोकन भ्रमण | • बालबालिकाहरु स्वभावैले जिज्ञासु हुन्छन् । कुनै नयाँ कुरा देख्ने बित्तिकै त्यसका बारेमा जान्न बुझ्न चाहन्छन् । उनिहरुको सिर्जनात्मक, जिज्ञासुपन र सिकाईमा मद्यत पुऱ्याउने अभिप्रायका साथ खोजपुर्ण कार्य तथा अवलोकन भ्रमणको आयोजना गरिएको थियो ।<br>• खोजपुर्ण कार्य तथा अवलोकन भ्रमणका क्रममा शहरी बालशिक्षा कक्षाका सहभागि बालबालिकाहरुलाई मन्दिरहरुको भ्रमण, बिद्यालय भ्रमण, बालगृह भ्रमण, सत्यसाईकेन्द्र भ्रमण, होटल भ्रमण, बृद्धा आश्रम भ्रमण, बाल हेल्पलाईन जस्ता संस्थाहरुको भ्रमण गरि बालश्रमको अवस्था र बालअधिकारका बारेमा बुझ्ने बुझाउने कार्य गरिएको थियो । यस्तै गरि औद्योगिक प्रदर्शनि मेलाको अवलोकन गराउनु साथै उद्योग बाणिज्य संघ, चितवनका क्रियाकलापहरुका बारेमा अवगत गराईयो । |
| ४. | सचेतना कार्यक्रम तथा अतिरिक्त क्रियाकलाप | • अन्तराष्ट्रिय बाल दिवशको अवसरमा बालश्रम र बाल अधिकारका बारेमा सचेतना अभिवृद्धि गर्ने आसयका साथ ऱ्यालिको आयोजना गरियो ।<br>• शहरी बालशिक्षाका सहभागिहरुलाई आ-आफनो कक्षा केन्द्रमा चित्रकला प्रतियोगिता आयोजना गरियो र उक्त ५ वटा केन्द्रमा प्रथम, द्धितिय र तृतिय हुने प्रतियोगिहरुलाई यस दियालो परिवारको कार्यलय भवनमा दोश्रो चरणको चित्रकला प्रतियोगिताको आयोजन गरि पुरस्कृत र सम्मानित गरियो ।<br>• पाँच वटै कक्षाकेन्द्रका सहभागिहरुलाई संलग्न गराई सहभोज एवं बनभोजको आयोजना गरियो। |
| ५. | मनोविमर्श सेवा प्रदान | • शहरी बालशिक्षा कक्षामा अध्ययनरत बालबालिकाहरु मध्ये २० जना बालबालिकाहरुमा मनोसामाजिक समस्या देखिएकोले सिविन नेपालका मनोविमर्शकर्ताबाट निज बालबालिकाहरुलाई मनोविमर्श सेवा उपलब्ध गराई सामान्य अवस्थामा ल्याईयो । |
| ६. | बालकलब गठन र परिचालन | • शहरी बालशिक्षा कक्षामा अध्ययनरत बालश्रमिक तथा सहभागिहरुको संलग्नतामा ५ वटा कक्षा केन्द्रमा ५ वटै बालकलब गठन गरियो र उक्त बालकलबहरुले कक्षा कोठाको सरसफाई देखि लिएर सृजनात्मक अतिरिक्त कृयाकलापहरु प्रत्येक शुक्रबार आयोजग गर्दै आएका थिए । |

| | | |
|---|---|---|
| ७. | कर्मचारीहरुको बैठक आयोजना | • शहरी बालशिक्षा कार्यक्रम कार्यरत सुपरभाईजर, सहयोगि कार्यकर्ता, संस्थाको ब्यबस्थापन समिति र उप-महानगरपालिकाका सम्पर्क ब्यक्तिको संलग्नतामा मासिक बैठको आयोजना गरियो ।उक्त बैठकमा कार्यक्रमको प्रगति समिक्षा, समस्या र समाधानका उपायहरु र आगामि कार्ययोजना निर्धारण गरि कार्यान्वयन गर्ने परिपाटिको विकास गरियो । |
| ८. | बिद्यालय भर्ना र स्टेशनरी वितरण | लैङ्गिक आधारमा औपचारिक शिक्षामा संलग्नता   १० महिने शहरि बालशिक्षा कक्षामा सहभागी १०८ जना बालबालिकाहरुमध्ये ७० जनाले उक्त कक्षा पार गरेको मा सो ७० जना मध्ये ६४ जना बालबालिकाहरुलाई कक्षा १ देखि माथिका कक्षाहरुमा विभिन्न ८ वटा बिद्यालयमा भर्ना गरिएको छ । शैक्षिक सामाग्रि सहयोग गरि बिद्यालय भर्ना गरिएका ६४ जना बालबालिकाहरुमध्ये ५८ प्रतिशत (३७ जना) बालक रहेका छन् भने ४२ प्रतिशत (२७ जना) बालिका रहेका छन् ।<br><br>जातिय समूहको आधारमा औपचारिक शिक्षामा संलग्नता   शहरि बालशिक्षा कक्षा पुरा गरेका ६४ जना बालबालिकाहरु बिद्यालय भर्ना भई औपचारिक शिक्षा हासिल गर्दैछन् । जातिय समुहको आधरमा हेंने हो भने उक्त बालबालिकाहरु मध्ये सबै भन्दा बढि जनजाति समुदायका ५२ प्रतिशत अर्थात ३३( बालक १९, बालिका १४) जना अध्ययनरत छन् । त्यस्तै गरि दलित स मुदायका ३९ प्रतिशत अर्थात २५(बालक १३ र बालिका १२) जना र ब्राम्हण जातिका ९ प्रतिशत अर्थात ६ (बालक ५ र बालिका १) जना विभिन्न बिद्यालयहरुमा अध्ययन गरिरहेका छन् । |
| ९ | सुपरिवेक्षण र अनुगमन | • संस्थाको कार्यसमिति, निर्देशक समिति, कर्मचारिहरु, भरतपुर उप-महानगरपालिका कार्यलयका प्रतिनिधिहरु र युनिसेफ नेपालबाट नियमित रुपमा शहरी बालशिक्षा कक्षाको अनुगमन गरिएको थियो ।<br>• अनुगमनको लिखित प्रतिवेदन अध्ययन गरि प्रदान गरिएका पृष्टपोषणलाई कार्यान्वयन गरियो। |

९. समष्टिगत रुपमा हाल सम्म अनौपचारिक शिक्षाबाट लाभान्वित बालबालिकाको विवरण :




| क.स. | विवरण | गत बर्ष सम्म | | | यस बर्ष | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| १. | शहरी बाल शिक्षा | १३२ | ९५ | २२७ | ४९ | ५९ | १०८ | १८१ | १५४ | ३३५ |
| २. | खेल्दै सिक्ने केन्द्र र घुम्ति सिकाई थलो | ६१ | ३९ | १०० | २६ | ३ | २९ | ८७ | ४२ | १२९ |
| | जम्मा | १९३ | १३४ | ३२७ | ७५ | ६२ | १३७ | २६८ | १९६ | ४६४ |

शहरी बालशिक्षाको गत बर्ष सम्मको २ वटा इभेन्टको १३ वटा सम्पन्न कक्षा मार्फत २२७ जना बालबालिकाहरु र यस आ. व.(२०७२/०७३) को १ इभेन्टको ५ वटा कक्षा मार्फत १०८ जना गरि जम्मा ३३५ जना बालबालिका शहरी बालशिक्षाको १८ वटा कक्षा बाट लाभान्वित भएका छन् भने खेल्दै सिक्ने केन्द्र र घुम्ति सिकाई थलो मार्फत गत वर्ष १०० जना र यस बर्ष २९ जना गरि १२९ जना बालबालिकाहरु अनौपचारिक शिक्षा बाट लाभान्वित भएका छन् । यस्तै गरि लैङ्गिक आधारमा हेर्दा ५८

**प्रतिशत अर्थात २६८ जना बालक र ४२ प्रतिशत अर्थात १९६ जना बालिका गरि जम्मा ४६४ जना बालबालिका यस परिवार द्धारा सञ्चालित अनौपचारिक शिक्षा बाट लाभान्वित भएका छन् ।**

**५) सरोकारपक्षको चाहना तथा लक्षित बर्गलाई सेवा तथा सुविधा दिन विगत एक बर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरु (बुँदागत रुपमा प्रस्तुत गर्ने) :**

क) मागमा आधारित कार्यक्रमहरुको छनौट एवम् सहभागितात्मक योजना तर्जुमा गरिने ।

ख) आगामी ५ बर्षको संस्थागत रणनैतिक योजना तर्जुमा ।

ग) कार्य क्षेत्रहरुमा सामाजिक परिचालन एवम् समाजिक परिक्षण कार्यक्रमहरुमा जोड ।

घ)कार्य प्रकृति अनुसार अनुगमन मूल्यांकन तथा आवधिक प्रभाव मूल्यांकनमा जोड ।

६) सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| क्रस | सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|---|
| १ | बाल अधिकार तथा बाल संरक्षण | भरतपुर उपमहानगरपालिकाको २०७६ साल सम्म बालमैत्री नगर घोषणा गर्ने लक्ष्यलाइ सघाउन बालमैत्री स्थानीय सासनका ३९ वटै सूचकहरुमा काम गर्न आवश्यक पूर्वाधार जनशक्ति उपलव्ध । |
| २ | सामाजिक परिचालन तथा गरिवी निवारण | चितवन जिल्लाको चंडिभंज्याङ. र सिन्धुली जिल्लामा विभिन्न आर्थिक, सामाजिक, कृषि तथा पशु पालन लागायतका कार्यक्रमहरु तर्कसंगत ढाँचा(Logical Framework )मा गरिने । |
| ३ | गुणस्तिरिय स्वास्थ्य, खानेपानी तथा सरसफाई | विगतका अनुभवहरुको आधारमा आगामी दिनहरुमा विभिन्न जिल्लाहरुमा तत्सम्बन्धि कार्यक्रमहरु निरन्तरत दिदै जाने |
| ४ | क्षमता अभिवृद्धि तथा प्रशिक्षण प्रदान | “विपदमा बालबालिकाको संरक्षण” लगायत अन्य मानवीय सेवाका क्षेत्रहरु (बालअधिकार/ बाल संरक्षण, एच.आई.भी र एड्स, पोषण, लगायत संस्थागत विकासका प्रशिक्षणका कार्यक्रमहरु निरन्तरता |
| ५ | लैंगिक समानता एवम् समावेशीकरण | लैंगिक हिंसाको न्यूनिकरण तथा समावेशिकरणका मुद्धाहरुलाई संचालित सम्पूर्ण कार्यक्रमहरुमा महत्वका साथ संम्लग्न गरिदै लैजाने । |

८) आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु (बुंदागत रुपमा लेख्ने ) :

- स्थानिय स्तरका सघसंस्थाहरुसँग दिगो आर्थिक स्रोतको अभाव हुनु ।
- हालैको महाभूकम्प पश्चात् सहयोगि दातृ निकायहरुको प्राथमिकता भूकम्प प्रभावित जिल्लाहरुमा वढि केन्द्रित हुनु ।
- जिल्ला स्तरमा अफै पनि अपेक्षितरुपमा समाजिक संघसंस्थाहरुको गतिविधिहरुमा समन्वय र सहकार्य तथा एकअर्कामा परिपूरक हुने खालका कार्यक्रमहरु संचालन हुन नसक्नु ।

- संस्थागत रुपमा कर्मचारीहरुलाई आवश्यकता अनुसार रोजगारको सुरक्षा सुनिश्चित गर्न अल्पकालिन कार्यक्रमका प्रकृतिका कारण कठिनाई हुनु ।

**९) भावी कार्यक्रम संचालनको लागि चाल्नु पर्ने कदमहरु तथा सुझावहरु (बुँदागत रुपमा लेख्ने)**

क) स्थानीय स्तरमा स्थानीय निकायहरु (जिविस, नगरपालिका आदि) ले सेवाप्रदायक सस्थाहरुको वर्गिकरण, उनिहरुको क्षमता विश्लेषण तथा कार्य दक्षताको आधारमा कार्य सम्पादनमा सहयोगी बनाउने ।

ख) बार्षिक रुपमा जिल्ला स्तरीय संयुक्त रुपमा “विकास मेला तथा अनुभव आदान प्रदान” जस्ता रचनात्मक तथा अन्वेषणात्मक कार्यक्रमहरु संयुक्त आयोजना मार्फत समिक्षा तथा थप विकास योजनाहरुको पहिचान गर्नु उपयुक्त हुने ।

ग) आपसी छलफल, सहकार्य, समन्वय र एकताका साथ साथै विषयगत एवम् क्षेत्रगत अनुगमन तथा मूल्यांकनका गतिविधिहरु संगसंगै विकासका गतिविधिहरुको प्रभाव मूल्यांकनलाई निरन्तरता दिइनु पर्ने ।

घ) संचालित विकासका कार्यक्रमहरुमा जवाफदेहीता, पारदर्शीता तथा उत्तरदायित्वहरुको सुनिश्चितता प्रदान गर्न सरोकारवालाहरुको सम्लग्नता एवम् सामाजिक परिक्षणका गतिविधिहरुलाई अझ फराकिलो पार्दै लग्ने ।

१. सामाजिक परीक्षकको नाम :रमा आचार्य दस्तखत :

२. सामाजिक परीक्षकको नाम : बिष्णु हरी वाग्ले दस्तखत :

संस्थाको नाम : मिडीया कन्सल्टेन्सि नेपाल

(च) युथ क्लव- नारायणगढ, चितवन

१. विषयगत कार्यालयको नाम : युथ क्लव- नारायणगढ, चितवन

२. लक्ष्य:

- समुदायलाई आत्मनिर्भर बनाई स्वावलम्बी आदर्श बालमैत्री समाजको स्थापना गर्ने

३. मूख्य उद्देश्य

- समुदायको जनशक्ति तथा भौतिक क्षमताको विकास गर्ने
- स्थानीय स्रोत र साधनको पहिचान र अधिकतम परिचालन गर्ने
- बालमैत्री समाजको स्थापना गर्ने

४. आर्थिक वर्ष २०७२।०७३ मा संचालित विकास कार्यक्रम तथा आयोजनाको विवरण

(क)

| कार्यक्रमको नाम | कार्यान्वयन स्थान | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|
| बालश्रम र बाल संरक्षण कार्यक्रम CFLG | भरतपुर उप- महानगरपालिकाको १-७ नं. वडा | १०० | Aug 2014 to Jan. 2015 |
| सामाजिक परिचालन कार्यक्रम LGCDP | रत्ननगर नगरपालिकाको ८-१६ नं. वडा | १०० | २०७१ जेठ २१ बट शुरु |

***(ख) बालमैत्री स्थानिय शासन कार्यक्रम (बालश्रम र बालसंरक्षण)***

| क्र.स | कार्यक्रम तथा गतिविधि | लक्ष्य | उपलब्धी | बालक | बालिका | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | बालबालिकाको पहिचान | ६० | ७७ | १८ | ५९ | |
| २. | मामला व्यवस्थापन योजना विकास | | ६० | १३ | ४७ | |
| ३. | मामला व्यवस्थापन तथा बन्द | | ७१ | ३९ | ३२ | O US |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | **P** |
| ४. | विद्यालय भर्ना | | ३२ | १३ | १९ | |
| ५. | सिप शिक्षा | | १० | | १० | १४ वर्ष भन्दा माथिका |
| ६. | आर्यआर्जन | | २५ | ८ | १७ | ६बाखापालन, १६ठेला, २खुद्रा पसल१.रिक्शा |
| ७. | मनोसामाजिक परामर्श | | २५ | २३ | २ | |
| ८. | पुन:स्थापना | | २५ | ८ | १७ | |
| ९. | अन्तर्क्रिया,अभिमुखिकरण, तालिम | | ४४८ | २३३ | २१५ | |

(ग) स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (सामाजिक परिचालन)

| क.स | कार्यक्रम तथा गतिविधि | लक्ष्य | उपलब्धी | कैफियत |
|---|---|---|---|---|
| १. | सम्पन्ता स्तरीकरण सर्भेक्षण | ४ वडा | ४ | एउटा वडामा कम्तीमा ३ वटा वस्तीमा |
| २. | वडा भेला | ४ | ४ | र.न.पा. को ८,९,११ र १३ नं. वडामा |
| ३. | नागरिक सचेतना केन्द्रको गठन | ४ | ४ | एउटा वडामा ३० जनाको समिति |

**५. सरोकारपक्षको चाहाना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू:**

- मागमा आधारीत कार्यक्रमहरूको छनौट गरिने ।
- आगमी ५ बर्षको संस्थागत रणनैतिक योजना निर्माण ।

**६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :**

| **सामाजिक जिम्मेवारी क्षेत्र** | **सूचक सहितको कामको विवरण** |
|---|---|
| विद्यालय भवन निर्माण | मोहनपुर नि.मा.वि.मा ३ कोठे बल्क निर्माण रु. १लाख ५८ हजार |
| विद्यालयलाई जस्तापाता सहयोग | सिद्धी गा.वि.स.को दैतेस र छोरेवाङ्ग रा.प्रा.वि. लाई रु. ५६ हजार ८ सय |
| स्टेशनरी तथा खेलकुद सामाग्री वितरण कार्यक्रम | दाहाखानी-खेतवारी रा.प्रा.वि.का १७७ बालबालिका |
| भुकम्प पीडितलाई सहयोग | गै.स.स. महासंघ मार्फत जि.वि.उ.स.चितवनलाई १० हजार |
| हाजिरीजवाफ प्रतियोगिता | भरतपुर उप-महानगरपालिका भित्रका सामुदायिक ३० विद्यालयहरु बिच |

७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेको समस्याहरू

- असचेतना
- छिट्टो प्रतिफलको आशा
- मौद्धिक मापन

**८. भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू**

- सचेतनाको कार्यक्रमलाई प्राथमिकताकासाथ सञ्चालन गर्नुपर्ने
- अनुगमनलाई प्रभावकारी ढंगले सञ्चालन गर्नुपर्ने
- बालमैत्री स्थानीय शासन कार्यक्रमलाई तल्लो निकायसम्म विस्तार गर्नुपर्ने
- बालश्रम न्यूनीकरणका लागि एकीकृत योजना निर्माणमा जोड दिनुपर्ने

१. सामाजिक परीक्षकको नाम : रमा आचार्य दस्तखत :
२. सामाजिक परीक्षकको नाम : बिष्णु हरी वाग्ले दस्तखत :

संस्थाको नाम : मिडीया कन्सल्टेन्सि नेपाल

**कानूनी व्यवस्था र सामाजिक परिक्षणबाट देखिएका उपलव्धीहरु**

| सामाजिक जिम्मेवारीको क्षेत्र | कानूनी व्यवस्था | उपलव्धी | कमजोरी |
|---|---|---|---|
| नागरिक समाजसंग छलफल तथा परामर्श | नेपाल सरकारले आवश्यकता अनुसार सार्वजनिक चासोका कुनै विषय कार्यन्वयन गर्नु अघि सरोकारवाला तथा नागरिक समाजसंग आवश्यक परामर्श गर्न सक्नेछ । शुशासन ऐन २०६४ को दफा २० | योजना तर्जुमा गोष्ठी, सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई, परिषद्, इलाका गोष्ठी लगायतका कार्यक्रममा सरोकारवालाहरुलाई सहभागी गराउने गरेको । | |
| नागरिक वडापत्र | सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी कार्यालयले सवैले देख्ने ठाउँमा तोकिए बमोजिम नागरिक वडापत्र राख्नु पर्नेछ । शुशासन ऐन २०६४ को दफा २५ | जिविस, विषयगत कार्यालय तथा गाविस कार्यालयहरुमा वडापत्र राखिएको । | क्षतिपुर्ति सहितको नागरिक वडापत्र प्रकाशनमा नआएको । |
| घुम्ती सेवा संचालन | नेपाल सरकारले समय समयमा तोकेका कार्यालयले तोकिए बमोजिम घुम्ती सेवा सञ्चालन गर्ने व्यवस्था गर्न सक्नेछ । शुशासन ऐन २०६४ को दफा २६ | विषयगत कार्यालयसंग सहकार्य गरी व्यक्तिगत घट्ना दर्ता, नागरिक लगायत कार्यमा सेवा सञ्चालन भएको । | पूर्ण रुपमा लागू नभएको । |
| न्यायोचित शुल्क निर्धारण | सेवा शुल्क निर्धारण गर्दा दुर्गम वा पिछडिएका क्षेत्रका बासिन्दालाई अन्य इलाकाका बासिन्दालाई भन्दा सहुलियत हुने गरी तोकिए बमोजिम सेवा शुल्क निर्धारण गरिनेछ । शुशासन ऐन २०६४ को दफा २७ | परिषदबाट निर्णय भए बमोजिम तोकिने गरेको । | लक्षित समुदायलाई अलग शुल्क तोक्न नसकेको । |
| सार्वजनिक सुनुवाई | कार्यालयको काम, कारवाहीलाई स्वच्छ पारदर्शी र बस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालाको कानूनसम्मत सरोकारलाई सम्बोधन गर्न तोकिए बमोजिम सार्वजनिक सुनुवाई गराउनु पर्नेछ । (शुशासन ऐन २०६४ को दफा ३०) | चौमासिक रुपमा विभिन्न क्षेत्रगत रुपमा गर्ने गरेको ।<br>तीन पटक सार्वजनिक सुनुवाई भएको ।<br>सार्वजनिक सुनुवाईको प्रतिवेदन जि.वि.स.को सूचना शाखामा व्यवस्थित । | |
| गुनासो व्यवस्थापन | कार्यालयले सम्पादन गरेको काम कारवाहीको गुणस्तर, प्रभावकारिता तथा त्यसमा हुन सक्ने अनियमितताको सम्बन्धमा गुनासो सुन्न सबैले देख्ने ठाउँमा गुनासो पेटिका राख्नु पर्नेछ । (शुशासन ऐन २०६४ को दफा ३१) | गुनासो सुन्ने अधिकारीको व्यवस्था भएको<br>जि.वि.स. मा सुझाव तथा गुनासो पेटिका रहेको । | |
| प्रवक्ताको | मन्त्रालय विभाग तथा सरकारी | प्रवक्ता तोकिएको छ । | प्रवक्ताको भूमिका |

| | | | |
|---|---|---|---|
| व्यवस्था | निकाय एवं कार्यालयको कुनै अधिकृतलाई प्रबक्ता तोक्नु पर्नेछ । (शुशासन ऐन २०६४ को दफा ३५ | | प्रभावकारी कार्यन्वयन हुन सकेको छैन । |
| सूचनाको अद्यावधिक र प्रकाशन | सार्वजनिक निकायले आफ्नो निकायसंग सम्बन्धित सूचना अद्यवधिक गरी राख्नु पर्नेछ । सार्वजनिक निकायले सो निकायसंग सम्बन्धित सूचना सूचिकृत गरी प्रकाशन गर्नु पर्नेछ । सूचनाको हक ऐन २०६४ को दफा ५ | विभिन्न प्रकाशनहरुको माध्यम द्वारा सूचनाको अद्यवधिक प्रकाशन भएको | |
| सूचना अधिकारीको व्यवस्था | सार्वजनिक निकायले आफ्नो कार्यालयमा रहेको सूचना प्रवाह गर्ने प्रयोजनको लागि सूचना अधिकारीको व्यवस्था गर्नेछ । ( सूचनाको हक ऐन २०६४ को दफा ६) | सूचना अधिकारीको व्यवस्था भएको | सूचना अधिकारी समक्ष विषयगत कार्यालयको सम्पूर्ण प्रतिवेदन उपलव्ध नभएको । |
| सामाजिक सुरक्षा कार्यक्रमको निरिक्षण तथा अनुगमन | क) जिल्ला विकास समितिको कार्यालयले भत्ता/बृत्ति वितरण प्रक्रियाको निरिक्षण तथा अनुगमन गर्न सामाजिक सुरक्षा जिल्ला समन्वय समितिसंग समन्वय गरी अनुगमन गर्ने छ ।<br>ख) यस कार्यक्रमको स्थानिय विकास मन्त्रालय, महिला बालवालिका तथा समाज कल्याण मन्त्रालय, अर्थ मन्त्रालय, जिल्ला विकास समिति, गाउँ विकास समिति, नगरपालिकाका पदाधिकारी एवं कर्मचारीहरुबाट नियमित वा पटके अनुगमन गर्न सकिनेछ ।<br>ग) जि.वि.स. ले विषयगत कार्यालयहरुसंगको समन्वयमा अनुगमनका लागि आवश्यक रकमको व्यवस्था समेत गरी अन्य कार्यक्रमहरुसंग समन्वय गरी एकिकृत अनुगमन प्रणाली अवलम्बन गर्नेछ । (सामाजिक सुरक्षा सञ्चालन कार्यविधि २०६५ को बुँदा १३) | निरिक्षण तथा अनुगमन हुने गरेको । | निरिक्षण तथा अनुगमनको प्रतिवेदन तयारी नभएको एकिकृत अनुगमन प्रणाली नदेखिएको । |
| शिक्षा लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति | जि.वि.स.को सामाजिक समिति अर्न्तगत रहने गरी लैससास कार्यान्वयन समिति गठन गरिनेछ । | समिति निर्माण भएको छैन । | |

| | | | |
|---|---|---|---|
| सूचना, शिक्षा तथा संचार कार्यक्रम | प्रत्येक स्थानिय निकायले IEC सम्बन्धी के के काम गर्ने हो सो को एकमुष्ट रुपमा योजना तथा कार्यक्रम बनाई अगाडि बढ्नु पर्दछ । | छापा, श्रव्य दृष्य सामाग्रीहरु निर्माण भएको<br>बुलेटिन<br>सूचना तथा अभिलेख रहेको । | |
| लक्षित वर्ग विकास कार्यक्रममा तोकिएको रकम विनियोजन र खर्च | क) सबै जातजातीका विपन्न वर्गका महिलाहरुलाई, वालवालिकाहरुलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रम/आयोजनाका लागि न्यूनतम १० प्रतिशत<br>ख) सबै जातजातीका आर्थिक रुपमा विपन्न तथा आर्थिक एवं सामाजिक रुपमा पिछडिएका वग<br>नेपाल सरकारले सूचना प्रकाशित गरी लक्षित समूह भनी तोकिएका वर्ग एवं समुदायले प्रत्यक्ष फाइदा पाउने कार्यक्रम/आयोजनाका लागि न्यूनतम १५ प्रतिशत । स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९) | • नीतिगत रुपमा तोकिए बमोजिमको रकम विनियोजन गर्ने गरिएको ।<br>• समिति गठन गरि काम गरिएको । | |
| योजना तर्जुमा | ऐनको दफा १९८ र नियमावलीको नियम २०४ गठित एकीकृत योजना तर्जुमा समितिलाई महिला, बालवालिका, दलित, आदिवासी/जनजातीको समेत प्रतिनिधित्व गरार्य समावेशीकरण गराउनु पर्नेछ । (स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९) | • योजना निर्माण गर्दा टोल तह देखि जिल्ला परिषद सम्म लक्षित समुदायका प्रतिनिधिहरुलाई समावेश गर्ने गरिएको । | स्थानिय स्तरबाट योजना तर्जुमा भए अनुरुप बजेट विनियोजन हुन नसकेको<br>हरेक निकायले आ-आफ्नै किसिमले योजना तर्जुमा गर्दा विषयगत कार्यालय विभिन्न तहगत निकायहरुका विचमा सहकार्य हुन नसकेको । |
| अन्तर निकाय समन्वय | पूर्वाधार लगायत आपसी सहकार्य र समन्वयका विषयहरुमा एक भन्दा बढी जिल्ला, नगरपालिका/गाउँ विकास समिति लाभाविन्त हुने देखिएमा नियमावलीको नियम २७३ बमोजिमको स्थानिय निकाय संयुक्त समिति गठन गरी कार्य गर्न सकिनेछ स्थानिय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ | • छिमेकी जिल्लाहरु नवलपरासी, मकवानपुर, तनहुँसंग सलावगत सहकार्य हुने गरेको | |
| आयोजनाको सम्भाव्यता | १) जिल्ला विकास समितिले रु ५० लाख लागत भन्दा माथिका भौतिक | संभाव्यता अध्ययन गर्ने गरिएको । | दीगोपनाका लागि आवश्यक रणनीतिहरु |

| | | | |
|---|---|---|---|
| अध्ययन | पूर्वाधारका योजनाहरु स्वीकृत गर्नु अगाडि सम्भाव्यता अध्ययन गराउनु पर्नेछ । | | निर्माण हुन नसकेको । |
| सार्वजनिक परिक्षण | जिल्ला विकास समितिबाट सञ्चालित सबै आयोजनाको आयोजना स्थलमै सार्वजनिक परिक्षण गर्नु पर्नेछ । (स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९) | • सार्वजनिक परिक्षण आयोजना स्थलमा गर्ने गरिएको । | |
| उपभोक्ता समितिमा सामाजिक समाबेशीकरण | क) उपभोक्ता समितिका सदस्यहरुमा कम्तीमा ३३ प्रतिशत महिला समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा एक जना महिला पदाधिकारी हुनु पर्नेछ । लाभाविन्त समूहमा दलित, आदिवासी, जनजाती, पिछडिएका समुदाय तथा वर्ग, मधेसी, मुश्लिम आदिको उपस्थिती रहेको अवस्थामा तिनीहरुको समेत प्रतिनिधित्व हुनु पर्नेछ ।<br>ख) उपभोक्ता समिति गठन गर्दा आयोजनाको कार्यन्वयनमा सहजीकरण एवं अनुगमन गर्न एकजना महिला सहित ५ सदस्यीय छुट्टै सपरीवेक्षण एवं अनुगमन समिति गठन गर्नु पर्नेछ । (स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९) | • ऐनको आशय अनुरुप स्थानिय परिवेश अनुरुप सबै लक्षित समुदायलाई समावेश गरी निर्माण गर्ने प्रयत्न भएको । | |
| सार्वजनिक निजी साझेदारी | १) जिल्ला विकास समितिले सञ्चालन गर्ने विकास निर्माण लगायत सेवा खरिद र सेवा प्रवाहका कार्य आर्थिक प्रशासन नियमावलीको नियम १५७ अनुसार सार्वजनिक निजी साझेदारी अर्न्तगत गराउन सक्नेछ ।<br>२) निजी क्षेत्र आकर्षित हुन सक्ने सम्भावित क्षेत्रहरुको पहिचान गरी त्यस्ता क्षेत्रहरुमा साझेदारीमा काम गर्न जिल्ला विकास समितिले निजी क्षेत्रलाई आवहान गर्नु पर्नेछ । ( स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९) | • निजी क्षेत्रसंग (इभेन्ट वेस) कुनै निश्चित कार्यक्रममा मात्रै सहकार्य हुने गरेको । | निजी क्षेत्र आकर्षित हुन सक्ने संभावित क्षेत्रको पहिचान हुन नसकेको । |
| ठेक्काबाट काम गराउँदाको व्यवस्था | ठेक्कापट्टाद्वारा काम गराउँदा आयोजनाको कार्यन्वयनमा सहजीकरण एवं अनुगमन गर्न | • ठेक्कापट्टाद्वारा काम गराउँदा आयोजनाको कार्यन्वयन गर्ने | |

| | | | |
|---|---|---|---|
| | एकजना महिला सहित ५ सदस्यीय छुट्टै सुपरिवेक्षण एवं अनुगमन समिति गठन गर्नु पर्नेछ । स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९) | गरी समिति गठन गरी सुपरिवेक्षण एवं अनुगमन गर्ने गरिएको । | |
| मूल्यांकन तथा पुरस्कार सम्बन्धी व्यवस्था | जिल्ला विकास समितिले मन्त्रालयले तोकेको मापदण्ड बमोजिम जिल्लाको विकासमा उत्कृष्ट योगदान पुऱ्याउने व्यक्ति संस्था वा पदाधिकारीलाई पुरस्कृत गर्न सक्ने छ । (स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९) | • कर्मचारीलाई पुरस्कारको व्यवस्था गरिएको<br>• दीर्घ सेवा सम्मान प्रदान | |
| राजनीतिक नेतृत्व र कर्मचारी विच कार्य जिम्मेवारी | शुशासन(व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ सुशासन का प्रावधान बमोजिम राजनीतिक नेतृत्व र कर्मचारीबीच कार्य जिम्मेवारी स्पष्ट किटान गरी परिषद्बाट स्वीकृत गराउनु पर्नेछ । स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९) | • राजनीतिक नेतृत्व र कर्मचारी विच कार्य जिम्मेवारीमा सहकार्य तथा सहयोगी भूमिका रहेको । | कार्य जिम्मेवारी स्पष्ट किटान नगरिएको । |
| शाखा र कर्मचारीहरुको कार्य जिम्मेवारी | कार्यालयको कार्यमा विभिन्न विभाग, शाखा, कार्यालय, इकाईको कार्य जिम्मेवारी र उक्त शाखा इकाई कार्यालमा काम गर्ने प्रत्येक कर्मचारीको काम, कर्तव्य मिलाउनु पर्नेछ ।स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९) | • शाखा र कर्मचारीहरुको कार्य जिम्मेवारी बीच कार्य जिम्मेवारीमा सहकार्य तथा सहयोगी भूमिका रहेको । | |
| कर्मचारी तथा पदाधिकारीहरुलाई अभिमुखीकरण | प्रभावकारी सेवा प्रवाह गर्न जिल्ला विकास समितिले आफ्ना कर्मचारी एवं पदाधिकारीहरुलाई अभिमुखिकरणमा आवश्यक सुधार ल्याउनु पर्नेछ । स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९) | • कर्मचारी तथा पदाधिकारीहरुलाई भिमुखिकरण, तालिम संचालन गर्ने गरेको । | आवश्यकता अनुसार तालिम प्रयाप्त नभएको । |
| गुनासो सम्बोधनको समिक्षा | नागरिकका लिखित वा मौखिक गुनासाहरुलाई प्रथामिकता दिई सम्बोधन गर्न कर्मचारी तोक्नु पर्नेछ । स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९) | • गुनासो सुन्ने अधिकारी तोकिएको | |
| उजुरी प्रकृया | जिल्ला विकास समितिको समग्र सेवा प्रवाह र आयोजनाको कार्यान्वयन सम्बन्धमा सम्बन्धित पक्षका चित्त नबुझेमा जिल्ला | • जिल्ला विकास समिति समक्ष उजुरी दिने र त्यस्तो उजुरीको सुनुवाई हुने | |

| | | | |
|---|---|---|---|
| | विकास समिति समक्ष उजरी दिन सकिनेछ । स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९) | व्यवस्था छ । | |
| सम्पत्ति विवरण बुझाउने | जिल्ला विकास समितिका कर्मचारीहरुको सम्पत्ति विवरण स्थानिय स्वायत्त शासन नियमावली २०५६ को नियम २६४ (घ) बमोजिम प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र राष्ट्रिय सतर्कता केन्द्रले तोके बमोजिमको ढाँचामा व्यवस्थित गरी राख्नु पर्नेछ । स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९) | • सम्पत्ति विवरण बुझाएको | |
| पदाधिकारी तथा कर्मचारीको अचारसंहिता | जिल्ला विकास समितिका पदाधिकारी एवं कर्मचारीहरुको आचारसंहिता पारित गराई लागु गर्नु गराउनु पर्नेछ । स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९) | • आचारसंहितालाई पारित गराइ पालना गर्ने गरेको | |
| सूचना पाटीको व्यवस्था | रु ५ लाख वा सो भन्दा बढी लागत अनुमान भएका कार्यक्रम/आयोजनाहरुको सूचना पाटी अनुसूची १७को क्रमसंख्या ८ बमोजिमको विवरण सर्वसाधारणले देख्न सक्ने गरी योजनास्थलमा राख्नु पर्नेछ । स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९) | • आयोजना सूचना पाटी राख्ने गरेको । | |
| आय व्यय विवरण | जिल्ला विकास समितिले आफ्नो अम्दानी तथा खर्च प्रत्येक चौमासिक र वार्षिक रुपमा विभिन्न माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ । स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९) | • आफ्नो अम्दानी तथा खर्च प्रत्येक चौमासिक र वार्षिक रुपमा सार्वजनिक गर्ने गरेको । | |
| सार्वजनिक परिक्षण | आयोजना सम्पन्न भैसकेपछि त्यसता आयोजनाको अनुसूची ३२ र ३३ बमोजिम सार्वजनिक परिक्षण गराउनु पर्नेछ । स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९) | • आयोजना सम्पन्न भैसकेपछि सार्वजनिक परिक्षण गराउने परिपाटी रहेको छ । | |
| सामाजिक परिक्षण | जिल्ला विकास समितिले वडा नागरिक मञ्च समेतको सहभागितामा सरोकारवाला सबै | • सबै पक्षको प्रतिनिधित्व रहेको भेलामा सामाजिक | |

| | | | |
|---|---|---|---|
| | पक्षको प्रतिनिधित्व रहेको भेलामा कम्तीमा वर्षको एकपटक सामाजिक परीक्षण गर्नु पर्नेछ । स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९) | परीक्षण हुने गरेको । | |
| IEC<br>क्रियाकलापहरु | मन्त्रालयबाट जारी भएको स्थानिय निकाय सूचना, शिक्षा तथा सञ्चार कार्यक्रम सञ्चालन कार्यविधि, २०६६ बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने छ । स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९) | • तयारी गर्ने गरेको छ । | |
| विवरण/जानकारी सार्वजनिककरण | जिल्ला विकास समितिले देहायका विषयहरु आफ्नो वेभसाइटमा राख्नुका अतिरिक्त स्थानिय वा राष्ट्रिय पत्रपत्रिका, एफ.एम. लगायतका सञ्चारका माध्यमहरुबाट सार्वजनिकीकरण गर्नु पर्नेछ ।<br>क) विकास साझेदार संस्थाहरुको विवरण,<br>ख) अनुगमन तथा मूल्यांकनका प्रतिवेदनहरु<br>ग) सेवा प्रवाहसंग सम्बन्धित निवेदनको ढाँचा तथा फारमहरु,<br>घ) नागरिक वडापत्र<br>ङ) जिल्ला विकास समितिले आवश्यक ठानेका अन्य विवरणहरु स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९) | • आवधिक तथा वार्षिक योजनाका पुस्तकहरु<br>• प्रगति विवरणहरु<br>• कार्यविधि निर्देशिकाहरु<br>• अनुगमन तथा मुल्यांकन प्रतिवेदनहरु<br>• नागरिक वडापत्र<br>• आन्तरिक तथा लेखापरिक्षण प्रतिवेदनहरु<br>• जिल्लाको पार्श्वचित्र रहेका छन् । | सम्पूर्ण विवरण सञ्चार माध्यमबाट सार्वजनिक नभएको । |
| विद्युतिय बोलपत्र | जिल्ला विकास समितिको खरिद प्रक्रियालाई नियमित र पारदर्शी गराउनु पर्नेछ । ठेक्कापट्टा प्रक्रियामा हुन सक्ने अनियमितता, मिलोमतो र जवरजस्ती गर्ने जस्ता कानून विपरितका कार्यहरु निरुत्साहित गर्दै विद्युतिय बोलपत्र -इ विडिङ)को प्रयोगलाई प्रवर्द्धन गर्नु पर्नेछ । जिविस अनुदान संचालन कार्यविधि २०६७ को बुँदा नं ४३.५ | • केन्द्रिय योजना र केही ठूला योजनाहरु ई विडिङ बाट भएको छ । | |
| जिल्ला विकास समितिको भूमिका | जिल्ला विकास समितिको भूमिका मूलतः सहजकर्ता, नियामक, अनुगमन र मुल्यांकनकर्ताको हुनेछ । कार्यक्रम/आयोजना कार्यन्वयन गर्दा जिल्ला विकास समितिले आफै | • सम्बन्धित गाउँ विकास समितिहरु, उपभोक्ता समितिहरुसंग सहकार्यता मार्फत कार्य भएको छ । | विषयगत कार्यालय र जि.वि.स.का बीचमा प्रयाप्त समन्वय हुन नसकेको । |

| | | | |
|---|---|---|---|
| | नगरी सम्बन्धित विषयगत कार्यालय गाउँ विकास समिति, नगरपालिका, गैर सरकारी संस्था वा सामाजिक संस्था मार्फत गर्नु गराउनु प्राथामिकता दिनु पर्नेछ। स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९) | | |

*अनुसूचीहरू*

***अनुसूची १*** : प्रारम्भिक प्रतिवेदन प्रस्तुतिकरण कार्यक्रमको छलफलको क्रममा सहभागीहरूले व्यक्त गरेका विचार, सुझाव, प्रतिक्रिया तथा प्रतिबद्धताको सारसंक्षेपः

## अनुसूचीः १

**स्थानीय विकास अधिकारी श्री श्रबण  कुमार पोखेरल, जि.वि.स.:**

नीति तथा कार्यक्रमले कस्तो प्रभाव पार्‍यो , शिक्षानीति , स्वास्थ्यनीति,, सामाजिक सुधार , गरीबी निबारण जस्ता कार्यमा गुणत्मक बृद्धि भयो कि भएन?  सरकारी कार्यलयको अबस्था, उपलब्धी नै सामाजिक परीक्षण हो। स्वभाविक रुपमा जिल्ला बिकास समितिले जिल्लाको समग्र विकासमा समन्वयकारी भूमिका खेल्नु पर्ने हुन्छ । यो सामाजिक परिक्षण समग्र जिल्ला विकासको लेखाजोखा हो । यद्यपी यसमा जिल्लामा रहेका सवै गैससहरु र विषयगत कार्यालयहरुको पूर्ण रुपमा बस्तुस्थिती चित्रण हुन सकेको छैन । जिविसका योजनाहरु अझै प्रभावकारी ढङ्गबाट सञ्चालन गर्नु पर्ने छ । हरेक कामको सर्बदलीय बैठकबाट निर्णय गरिएको छ र गरिने नै छ। उपभोत्ता समितिमा पदाधिकारीलाई तालिम दिने परीपाटीको शुरुवात गरिने  छ।  गाउंका गएर योजना बनाउनुपर्छ। र योजना तर्जुमा गर्दा जनताको सार्थक सहभागिता हुनुपर्छ। सामाजिक परिक्षणबाट प्राप्त सुझाव तथा प्रतिवेदनमा उठान भएका सवालहरुलाई आगामी दिनमा संवोधन गरिने नै छ । आगामी वर्षमा सहभागीका जिज्ञासा र सुझावहरुलाई समेत ध्यानमा राखी कार्यक्रम ल्याइनेछ ।

**तोयनाथ अधिकारी** , **रा.प्र.पा.** : योजना तर्जुमा हुँदा पांचलाख भन्दा माथिको खाता खोल्नुपर्ने झण्झट। जनसहभागिता प्रभावकारिता नभएको। नगरपालिकामा ३० प्रतिशत जनसहभागिता नभई रकम निकासा नहुने हुँदा जि.वि.स बाट पनि त्यस्तै नीति अपनाउनुपर्ने । राजनितीक दललाई सहभागी नगराइएको ।योजनाको २ पटकसम्म मात्र अनुगमन भएको। एन.जी.ओं , आइ.एन.जी. ओ. गरेको कामको राजनिती दलले अनुगमन नगरेको अबस्था ।

**राजीव न्यौपाने** , **नेपालि कांगेस**:  तल्लो क्षेत्र तथा बिकास निर्माणमा काम गर्ने व्यत्तिहरु कार्यक्रममा छुटेका छन, यस्तो हुनुभएन। स्थानीय निकायको निर्वाचन हुँदा सबै कार्यदलहरु र ग्रास रुट लेबलका प्रतिनिधिहरुलाई समेट्नु पर्ने । कृषि सेवा , पशु सेवा केन्द्र, इलाका , पोष्ट , सडकका इकाइहरु मा केही कमी कमजोरी भए त्यो बाहिर आउन सक्ने संभावना । भुगोलका आधारमा स्थान अनुसार फरक फरक हुनुपर्ने तर एउटै भएको ।

जि.वि.स. को प्रतिनिधी र उपभोत्ता प्रतिनिधि बीच अघोषित सम्बन्ध बिस्तार हुने संभावना । साना साना बजेटमा पनि धेरै झण्झटिलो प्रकिया , जि.वि.स को सबै क्षेत्रका प्रतिनिधिहरुले आ आफ्नो जिम्मेवारी तथा इमान्दारिता निभाउनुपर्ने ।बिगत ०६२, ०६३ सालबाट जि.वि.स मा यस्ता कार्यक्रमहरु जनतासंग प्रत्यक्षसंग समन्वय , सहभागिता गरि निर्णय गरिएको राम्रो उपलब्धि। यसबाटपनि सही नियम नीति बन्न सक्छ।

**दण्डराज पाण्डे, ने. क पा माले** : बिधिको शुरुवात भएको छ । स्थानीय चुनाव आउनुभन्दा अगाडि नयाँ गाउँ अभियान शुरु गर्नू पर्छ। । सुख्खा ठाउंमा प्लटीङ, हरियाली ठाउँमा उत्पादन गरी प्लटीङ व्यवस्थापन गर्नुपर्छ ।

पार्टीका नेता पार्टीमै व्यवस्तता , बिकास निर्माणमा कम समय , बिकास निर्माण सम्बन्धी तालिम स्थानीय समितिका प्रतिनिधीहरुलाई दिनुपर्ने ।

**सीताराम भट्ट , दियालो परिवार** : जि.वि.स. मा एन.जी.ओ . डेस्क गठन भए लगत्तै ए.एन.जी. ओ बाट हुने डुप्लीकेशन कम भएको छ। जसले गर्दा एन.जी.ओं.को लागि गरिएको निती सन्तुलन भएको छ। त्यस्तै जि.वि.स बाट नागरिक लाइ दिएका सेवा सन्तोषजनक छ। साथै सामाजिक परिचालकहरुको क्षमतामा कमि भएका कारण उनीहरुलाई तालिमको आबश्यकता छ। दियालोको कार्यक्रम पनि राजनितिक दलबाट समेत अनुभमन भएको छ ।

**जिल्ला शिक्षा कार्यालयः**

अपाङ्गता भएका वालवालिका, अति सिमान्तकृत र पिछडिएका वालवालिकाहरु, अझै विद्यालय शिक्षाको पहुँचमा आउन सकेका छैनन् । यस सम्बन्धि विशेष कार्यक्रम ल्याउन जरुरी छ । गुणात्मक शिक्षाको विकासको लागि समुदायलाई अग्रसर बनाउने र गाउँ शिक्षा योजना तथा नगर शिक्षा योजना तयार गर्नु पर्दछ। यो सामाजिक परिक्षणमा शिक्षा कार्यालयको केही कार्यक्रमहरु छुटेको देखिन्छ।

**. घरेलु तथा साना उद्योग कार्यालयः**

घरेलु तथा साना उद्योग कार्यालयले संयुक्त बजार अनुगमनमा सक्रियता देखाएको छ । फर्महरुको रेर्कड कम्प्यूटरमा राखेको छ। ति सबै कुराहरु यहाँ समेटिनु जरुरी छ।

**जिल्ला जनस्वास्थ्य कार्यालयः**

प्राविधिकहरुलाई थप तालिमको आवश्यकता छ । जिल्लाको सबै भू-भागमा स्वास्थ्य सेवा सहज बनाउन थप कार्यक्रम ल्याउन जरुरी छ।

**प्रस्ताब सुबेदी पत्रकारः**

जिल्ला विकासका गतिविधिहरु पत्रकार सम्मेलन मार्फत सार्वजनिक गर्दा राम्रो हुने र सूचना केन्द्र थप व्यवस्थीत गर्नु पर्ने देखिन्छ।

**सुकदेव ढकाल जि.वि.स.** : एन.जी. ओं डेस्क नीति बनाई गैसस कार्यनीति कुन कुन बिषयमा के के प्रकाशित भएको छ त्यसको अनुगमन भएको छ। ठाउँ ठाउँ अनुसारको बजेट निकासा। किताब प्रकाशित। केही एन.जी. ओ.,आइ.एन.जी. ओ. को एल.डी ओं , सी.डी . ओ. बाट अनुगमन गर्ने पद्यतिको शुरुवात। तथा राजनितीक दललाई लगेर पनि अनुगमनको शुरुवात भएका छ।

**रामहरी न्यौपाने, अधिकृत, जि.वि.स.:**

सामाजिक परिक्षणबाट सरोकारवालाले सामाजिक कार्य सम्पादनको लागि भविष्यमा गर्न सक्ने सुधारको आसा राख्दछन् । सामाजिक, आर्थिक र राजनैतिक विकासक्रमलाई एकमुष्ठ मुल्यांकन गर्दा उपयुक्त सामाजिक परिक्षण हुन्छ । यसले शुशासन कायम राख्न पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यसैले सामाजिक परिक्षणमा औंल्याइएका सवालहरुलाई संबोधन गर्नु पदर्छ ।

***अनुसूची २ :*** प्रारम्भिक प्रतिवेदन प्रस्तुतिकरण कार्यक्रममा उपस्थित हुन पठाइएका पत्र, भर्पाई तथा सार्वजनिक सूचना

***अनुसूची ३*** : प्रारम्भिक प्रतिवेदन प्रस्तुतिकरण कार्यक्रमको **उपस्थिति तथा माइन्युट**

***अनुसूची ४*** : कार्यक्रमको झलक